का.जि.प्र.का.द.नं. १००/०५२/६०
२५ साउन २०८३
सोमबार
10 August 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २००। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

दानको आडमा डिम्ब कारोबार

कानुनमै छैन स्पष्टता

भावना पाठक/मध्यान्ह
काठमाडौं, २४ साउन

१७ वर्षीया एक किशोरीका परिवारले अवैध डिम्ब निकालेको आरोपमा डा.नूतन शर्मासहित बिचौलियाहरूमाथि अनुसन्धान गर्नुपर्ने मागसहित साउन १ गते प्रहरीमा जाहेरी दिए । असार १४मा ग्वार्कोस्थित बिएन्डबी अस्पतालको आइभिएफ सेन्टरमा किशोरीको डिम्ब निकालिएको परिवारको आरोप छ । किशोरीलाई ३० हजार रकम दिएर डिम्ब निकालिएको र उनी बिरामी भएपछि त्यसबारे परिवारले थाहा पाएको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् ।

लमजुङ घर भएर इमाडोल बस्दै आएकी राधिका गोतामेले ती किशोरीलाई डा.शर्मासँग भेट गराएकी थिइन् । परिवारले उनीमाथि पनि अनुसन्धान गर्नुपर्ने माग गरेपछि प्रहरीले गोतामेलाई पक्राउ गरेको थियो । उजुरी परेकै दिन पक्राउ परेकी गोतामे हाजिरी जमानीमा रिहा भइसकेकी छन् । डा.शर्मा भने देशबाहिर थिइन् । स्वदेश फर्किएपछि २२ साउनमा बयान लिएर उनलाई पनि हाजिरी जमानीमा रिहा गरिएको ललितपुर प्रहरीले बताएको छ । नेपाल फर्किएलगत्तै जिल्ला प्रहरी परिसर, ललितपुर र सरकारी वकिलको कार्यालयमा उपस्थित भएर बयान दिएकी डा.शर्माले उपचार र प्रक्रियागत पाटोमा आफ्नो तर्फबाट कुनै कमजोरी नभएको बताएकी छिन् । 'अस्पतालमा आउने बिरामी वा डिम्बदाताको उमेर, परिचयपत्र र कानुनी कागजात प्रमाणीकरण गर्ने काम प्रशासनिक कर्मचारीको हो,' उनको भनाइ उद्धृत गर्दै एक अनुसन्धान अधिकृतले भने, ' कागजातमा उमेर पुगेको देखिएपछि मैले प्रक्रिया अघि बढाएकी हुँ, उनी नाबालिग हुन् भन्ने मलाई थाहा थिएन ।'

बिचौलिया आरोपित गोतामेसँग उनको कारोबार देखिएको विषयलाई केन्द्रमा राखेर अनुसन्धान भइरहेको प्रहरीले बताएको छ। उनले डिम्बदातालाई यातायात, पौष्टिक आहार र उपचार खर्चबापत पारदर्शी रूपमा बैंकबाटै रकम पठाइएको दाबी गरेकी >>> पृष्ठ २ मा

डिम्बदान नि:सन्तान दम्पतीका लागि वरदान हो । डिम्बदानका लागि कानुनमा उल्झन छ, त्यसलाई सुल्झाउनुपर्छ । केही गलत नियत भएकाहरूले राम्रा काम गर्नेमाथिको नियतमा पनि शंका गर्ने अवस्था सिर्जना भयो ।

डा. नानीमैया श्रेष्ठ प्रधान
प्रजनन एवं आइभिएफ विशेषज्ञ

डिम्ब कारोबारको विषय सार्वजनिक हुनु नै चिन्ताको विषय हो । समाचारमा आइरहेका कुरा साँचो हुन् भने म ती डाक्टरहरूलाई सोध्न चाहन्छु- के तपाईंहरू आफ्नै छोरी वा बहिनीको डिम्ब यसरी निकाल्न सक्नुहुन्छ ?

डा.अरूणा उप्रेती
जनस्वास्थ्यविद्



किन निकालिन्छ डिम्ब ?

विशेषगरी प्राकृतिक रूपमा सन्तान प्राप्त गर्न नसकेका दम्पतीका लागि यो महत्वपूर्ण मानिन्छ। सामान्य अवस्थामा महिलाको डिम्बाशयबाट महिनामा एकपटकजसो परिपक्व डिम्ब बाहिर निस्कन्छ। कतिपय अवस्थामा प्राकृतिक रूपमा डिम्ब निस्कने प्रक्रियामा मात्र भर नपरी चिकित्सकीय विधिबाट डिम्ब निकाल्नुपर्ने हुन्छ। विशेषगरी आइभिएफ (इन भिट्रो फर्टिलाइजेसन) उपचारमा यसरी डिम्ब निकाल्ने गरिन्छ। विवाहित दम्पतीले आफ्नै डिम्ब >>> पृष्ठ २ मा

किशोरीको डिम्ब निकाल्नु हानिकारक

आइभिएफमा डिम्ब निकाल्ने प्रक्रिया सामान्यतया अस्पताल वा प्रजनन उपचार केन्द्रमा विशेषज्ञ चिकित्सकको निगरानीमा गर्न सकिने डा.सानुमैया श्रेष्ठ प्रधान बताउँछिन् । 'औषधिको माध्यमबाट डिम्ब परिपक्व गराएपछि अल्ट्रासाउन्डको सहायताले डिम्बाशयमा रहेका परिपक्व डिम्ब पहिचान गरिन्छ,' उनी भन्छिन्, 'त्यसपछि विशेष उपकरण प्रयोग गरी डिम्ब निकाल्ने हो, कतिपयलाई शरीर नै काटेर ठुलो घाउ बनाइन्छ भन्ने पनि लाग्दो रहेछ जुन गलत हो ।' डिम्ब निकाल्ने निर्णय आफैले गर्न मिल्ने विषय होइन । कुन अवस्थामा डिम्ब >>> पृष्ठ २ मा

के छ कानुनी मान्यता ?

नि:सन्तान दम्पतीका नाममा भइरहेका अनियमितता तथा बेथितिलाई नियमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रकीट र डिम्ब दानसम्बन्धी स्पष्ट मापदण्ड लागू गरेको छ । मन्त्रालयले स्वीकृत गरेको 'नि:सन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२'ले दाता छनोटदेखि दान गर्ने पटक र गोपनीयतासम्मका विषयलाई समेटेको छ। मापदण्डअनुसार शुक्रकीट वा डिम्ब दान गर्ने व्यक्तिको उमेर >>> पृष्ठ २ मा

आफ्नै व्यवहारले एक्लिँदै प्रधानमन्त्री

- सुकुम्वासी व्यवस्थापनमा उठ्यो प्रश्न
- साम्प्रदायिक दंगा नियन्त्रणमा ढिलाइ
- व्यवहारमा भेटिएन 'सर्भिस डेलिभरी'
- अध्यादेशमार्फत ऐन संशोधन
- संसद्मा भएन प्रधानमन्त्रीसँग प्रश्नोत्तर
- सीमासम्बन्धी अभिव्यक्तिमा विवाद

सरकारले सोचेअनुसार काम गर्ने कुरामा पार्टीका नेताहरूबाट आवश्यक सहयोग नपाएको महसुस गरेर प्रधानमन्त्रीले एक्लो महसुस गर्न थालेको हुनसक्ने रास्वपानिकट विश्लेषकहरू बताउँछन् ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं,२४ साउन ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहले शुक्रबार मध्यरातमा व्यक्त गरेको एक्लोपनले रास्वपाभित्र र बाहिर नयाँ तरंग ल्याएको छ । उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'कहिलेकाहीं एक्लै लड्नुपर्छ, यो पहिलोचोटि होइन ।'

प्रधानमन्त्रीको शाहको अभिव्यक्तिप्रति रास्वपाकै नेताहरू फरक-फरक कोणबाट चर्चा गरिरहेका छन् । पाँच महिनाअघिको चुनावमा ५१ लाख ८५ हजार लोकप्रिय मतसहित प्रतिनिधिसभामा झन्डै दुईतिहाइ बहुमतको सरकार बनाएका प्रधानमन्त्री एक्लै लड्नुपर्ने स्थिति कसरी आयो ? यसले रास्वपा र सरकारबीच खटपटको संकेत गरेको छ ।

प्रधानमन्त्री शाहको अभिव्यक्तिको वरिपरि रहेर पार्टी सभापति रवि लामिछानेले सरकारले काम नगरे दलले कान समात्ने क्षमता राख्ने टिप्पणी गरे । शनिबार युवा उद्योगीले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा उनले सरकार लिकबाट बाहिर गए पुन: लिकमा ल्याउने बताए । सोहीक्रममा लामिछानेले भनेका थिए, 'सरकारले आफ्नो वाचा र लक्ष्यअनुसार काम गर्छ । सरकारले काम गरेनछ भने हामीसँग राजनीतिक पार्टी छ । बाटो बिरायो भने सरकारलाई जतिखेर पनि कान समात्ने क्षमता राजनीतिक दलले जहिले पनि राख्छ ।'

सरकारका सबै कामको बचाउ गर्दै आएका सभापति लामिछानेले पहिलोपटक कडा टिप्पणी गरेका हुन् । प्रधानमन्त्री शाह र सभापति लामिछानेको राजनीतिक दृष्टिकोणमै ठुलो भिन्नता रहेकाले पार्टी र सरकारबीच तालमेल नमिलेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा रास्वपाका अधिकांश सांसदले बजारमा एलपी ग्यासको अभावको विषयलाई लिएर सरकारको चर्को >>> पृष्ठ २ मा

सरकारले आफ्नो वाचा र लक्ष्यअनुसार काम गरेन र बाटो बिरायो भने सरकारलाई जतिखेर पनि कान समात्ने क्षमता राजनीतिक दलले जहिले पनि राख्छ ।

रवि लामिछाने
सभापति, रास्वपा

मन्त्रीलाई उत्तरदायी बनाउँदै रास्वपा

हरेक महिना पार्टी कार्यालय जानैपर्ने

सरकारमा रहेका मन्त्री, संसदीय दल तथा पार्टी संगठनबीच सूचना र कार्ययोजनाको आदानप्रदान प्रभावकारी बनाउन रास्वपाले मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा पार्टी केन्द्रीय कार्यालयमा उपस्थित हुनुपर्ने र संवादमा जोडिनुपर्ने नीति लिएको हो ।

मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा केन्द्रीय पार्टी कार्यालयमा उपस्थित भई नागरिक र पार्टी पंक्तिसँग प्रत्यक्ष संवादमा जोडिनुहुनेछ। जसले भुइँमान्छेका आवाजलाई सिधै राज्यको नीति निर्माण र कार्यान्वयनको तहसम्म जोड्ने पुलको काम गर्ने विश्वास गरिएको छ ।

असीम शाह
सहमहामन्त्री

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २४ साउन

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मन्त्रीहरूलाई पार्टीसँग नियमित संवाद्मा जोड्दै छ । यसनिम्ति सरकारमा सहभागी आफ्ना मन्त्रीहरूलाई महिनामा कम्तीमा एकपटक पार्टीको केन्द्रीय कार्यालय जानैपर्ने गरी पार्टीसँगको प्रत्यक्ष संवादको कार्यक्रम तय गरेको छ ।

आगामी भदौदेखि 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सञ्चालन गर्दै छ । कार्यक्रममार्फत मन्त्रीहरूलाई नागरिकका गुनासा, समस्या, सुझाव र अपेक्षासँग प्रत्यक्ष जोड्न खोजिएको हो ।

रास्वपाका सहमहामन्त्री असीम शाहका अनुसार नयाँ निर्णयअनुसार अबदेखि मन्त्रीहरू महिनामा कम्तीमा एकपटक

अनिवार्य रूपमा पार्टी केन्द्रीय कार्यालयमा उपस्थित भई नागरिक र पार्टी पंक्तिसँग प्रत्यक्ष संवादमा जोडिनुपर्नेछ। सहमहामन्त्री असीम शाहले आइतबार विज्ञप्ति निकालेर यसबारे जानकारी दिएका हुन् ।

लोकतन्त्रको मर्म निर्वाचित नेतृत्व निरन्तर नागरिकको निगरानी, सुझाव र सम्पर्कमा रहनु भएको उल्लेख गर्दै उनले यसै यथार्थलाई मनन गर्दै, जनउत्तरदायी, पारदर्शी र परिणाममुखी राजनीतिक संस्कारको विकास गर्न पार्टीले आगामी भदौ महिनादेखि 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सुरु गर्न लागेको बताएका छन् । यस कार्यक्रमअन्तर्गत सरकारमा सहभागी रास्वपाका >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

विभागमा शान्तिपूर्ण प्रदर्शन गर्दै संघ

मध्यान्ह संवाददाता
काठमाडौं, २४ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार वैदेशिक रोजगार विभाग, ताहाचलमा शान्तिपूर्ण प्रदर्शन गर्ने भएको छ । आगामी भदौ १ गतेदेखि वैदेशिक रोजगारमा जाने श्रमिक उडाउन रोक्ने निर्णय गरेको संघले आइतबार घटक संस्थाहरूसँग छलफल गरेपछि सोमबार दिउँसो दुई घण्टा ताहाचलमा प्रदर्शन गर्ने कार्यक्रम तय गरेको हो ।

आइतबार संघले व्यवसायी र घटक संस्थाहरूको प्रतिबद्धता लिएको थियो । कार्यक्रम सफल पार्न उपसमिति गठन गरी त्यसमा घटक संस्थाबाट पाँच जनाका दरले व्यवसायी राख्ने निर्णय पनि भएको छ ।

संघले वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित समसामयिक विषय, इजाजतपत्रवाला संस्थाहरूलाई विभागले गरेको कारवाही, वैदेशिक रोजगार क्षेत्रमा देखिएका विकृति तथा गलत गतिविधि, नेपाली श्रमिक तथा व्यवसायीका हकहितसँग सम्बन्धित नीतिगत सुधारका विषयमा नेपाल सरकारसमक्ष उचित सम्बोधनका मागसहितका ब्यानर र प्लेकार्ड प्रदर्शन गर्ने बताएको छ ।

संघले नीतिगत सुधार गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने भन्दै भदौ १ गतेदेखि श्रमिक नउडाउने निर्णय गत शुक्रबार सार्वजनिक गरेको थियो। शुक्रबार मध्यरातिदेखि 'शून्य समय' मानेर वैदेशिक रोजगारमा

नेपाल अभिमुखीकरण व्यवसायी महासंघले पनि संघको कार्यक्रममा ऐक्यबद्धता जनाएको छ । संघको आह्वानमा हालसम्म आठ सय म्यानपावर कम्पनीले श्रमिक नउडाउने र श्रम स्वीकृति पनि नलिने प्रतिबद्धता जनाएका छन् । विभागमा १ हजार >>> पृष्ठ २ मा

शून्य लागतले श्रमिकको आत्मविश्वास बढाउँदै
समाचार पृष्ठ ६मा

मध्यान्ह
www.madhyanhadaily.com
२५ साउन २०८३ सोमबार
10 August 2026 Monday

निर्मल पुर्जालाई राष्ट्रिय विभूति घोषणा गर्न एनआरएनए युकेको माग

काठमाडौं/मस-गैरआवासीय नेपाली संघ (एनआरएनए) यूकेले विश्वप्रसिद्ध पर्वतारोही निर्मल पुर्जा 'निम्सदाइ'लाई राष्ट्रिय विभूति घोषणा गरी सर्वोच्च राष्ट्रिय सम्मान प्रदान गर्न नेपाल सरकारसँग माग गरेको छ।

एनआरएनए यूकेका अध्यक्ष प्रेम गाहा मगरले प्रधानमन्त्रीलाई खुला पत्र पठाउँदै बेलायती गोर्खा तथा गैरआवासीय नेपाली संघ, बेलायत र विश्वभर रहेका नेपाली समुदायको तर्फबाट यस्तो माग गरेका हुन्। पत्रमा निर्मल पुर्जाको असाधारण योगदानलाई नेपाल सरकारले औपचारिक रूपमा सम्मान गर्नुपर्ने उल्लेख गरिएको छ।

पत्रमा पाकिस्तानको ब्रड पिक आरोहणका क्रममा हिमपहिरोमा परी निधन भएका पर्वतारोही निर्मल पुर्जा तथा उनीसँगै ज्यान गुमाएका नौ जना पर्वतारोहीप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ। साथै, उनका परिवारजनप्रति समवेदना प्रकट गरिएको छ।

एनआरएनए यूकेले निर्मल पुर्जालाई सामान्य पर्वतारोही मात्र नभई मानव साहस, अनुशासन, सेवा, नेतृत्व र असम्भवलाई सम्भव बनाउने इच्छाशक्तिको प्रतीकका रूपमा सम्मान गर्नुपर्ने बताएको छ। उनको असाधारण उपलब्धिले नेपाललाई विश्वसामु गौरवका साथ चिनाउन महत्वपूर्ण योगदान गरेको पत्रमा उल्लेख छ।

एनआरएनए यूकेले नेपाल सरकारसमक्ष निर्मल पुर्जालाई तत्काल राष्ट्रिय विभूति घोषणा गर्न माग गरेको छ। त्यस्तै, राष्ट्रिय सम्मानसहित राष्ट्रिय शोकसभा आयोजना गरी उनको योगदानप्रति राष्ट्रको कृतज्ञता र सम्मान औपचारिक रूपमा व्यक्त गर्न पनि आग्रह गरिएको छ।

पत्रमा राष्ट्रिय शोक घोषणा गरी राष्ट्रिय झण्डा आधा झुकाउन तथा विश्वभर रहेका नेपाली दूतावास र कूटनीतिक नियोगमार्फत श्रद्धाञ्जली कार्यक्रम आयोजना गर्न निर्देशन दिनुपर्ने मागसमेत गरिएको छ। साथै, निर्मल पुर्जाको नाममा राष्ट्रियस्तरको स्मारक, अध्ययनवृत्ति वा प्रेरणा प्रतिष्ठान स्थापना गरी भावी पुस्ताका लागि उनको योगदानलाई संस्थागत गर्न आग्रह गरिएको छ।

निर्मल पुर्जाले सन् २०१९ मा विश्वका १४ वटा ८ हजार मिटरभन्दा अग्ला हिमाल केवल ६ महिनाको अवधिमा आरोहण गरेर विश्व कीर्तिमान कायम गरेको पत्रमा उल्लेख छ। उनले ८ हजार मिटरभन्दा अग्ला १४ भन्दा बढी हिमालको सफल आरोहण गरेका थिए। उनको जीवन केवल कीर्तिमानको कथा नभई मानवता, साहस, अनुशासन र सेवाको उदाहरण रहेको एनआरएनए यूकेको भनाइ छ।

पूर्व ब्रिटिश गोर्खा सैनिक तथा स्पेसल बोट सर्भिसका सदस्यका रूपमा समेत सेवा गरेका पुर्जाको राष्ट्रिय पहिचान सधैं नेपाली रहेको पत्रमा उल्लेख गरिएको छ। सुगौली सन्धि तथा नेपाल-बेलायत सन्धिअनुसार ब्रिटिश गोर्खा सैनिक नेपाली नागरिक नै भएकाले उनीहरूको योगदान नेपालको गौरव, इतिहास र राष्ट्रिय पहिचानको अभिन्न हिस्सा भएको एनआरएनए यूकेको दाबी छ।

बालेन सरकारलाई ज्ञानपनपत्र बुझाउँदै अध्यक्ष गाहा मगरले नेपालका लागि असाधारण योगदान गर्ने व्यक्तिको सम्मान नागरिकता वा राष्ट्रियताको सीमित बहसमा राख्न नहुने बताएका छन्। राष्ट्रको प्रतिष्ठा र पहिचानलाई विश्वस्तरमा पुऱ्याउने योगदानको मूल्यांकन गर्दै राज्यले उचित सम्मान दिनुपर्ने उनको भनाई छ।

'निम्सदाइ विदेशी नागरिक हुनुहुन्थ्यो भने उहाँलाई राष्ट्रिय विभूति किन बनाउने?' भन्ने प्रश्न उठ्न सक्ने भन्दै गाहा मगरले इतिहासमा नेपालले विदेशी नागरिकलाई समेत उनीहरूको योगदानका आधारमा उच्च सम्मान दिएको उदाहरण प्रस्तुत गरे।

उनले सन् १९५३ मा तेन्जिङ नोर्गे र सर एडमन्ड हिलारीले सगरमाथाको सफल आरोहण गरेपछि हिलारीले नेपाल र नेपाली हिमालका लागि पुऱ्याएको योगदानको स्मरण गरे। नेपालले हिलारीलाई उच्च सम्मान प्रदान गरेको र पछि मानार्थ नेपाली नागरिकतासमेत दिएको उल्लेख गर्दै गाहा मगरले उनको योगदानको सम्मानस्वरूप नेपालमा विभिन्न स्थान तथा संस्थासँग उनको नाम जोडिएको बताए।

'यदि नेपालका लागि योगदान गर्ने विदेशी नागरिकलाई हामी यति ठूलो सम्मान दिन सक्छौं भने, नेपालकै माटोमा जन्मिएका निर्मल 'निम्स' पुर्जालाई किन राष्ट्रिय विभूति घोषणा गर्न नसक्ने?' गाहा मगरको प्रश्न छ। 'यो नागरिकताको विषयभन्दा माथि उठेर राष्ट्रका लागि उहाँले पुऱ्याउनुभएको असाधारण योगदानको सम्मान गर्ने विषय हो,' उनले भने।

प्रधानमन्त्रीलाई कांग्रेस नेताको सन्देश 'एक्लै हिंडे डिप्रेसनमा जानुहोला'

मध्यान्ह संवाददाता
काठमाडौं, २४ साउन

नेपाली कांग्रेसका नेता बाबुराम आचार्यले प्रधानमन्त्री बालेन्द्र शाहलाई एक्लै हिंड्न खोज्दा डिप्रेसनमा जानसक्ने भन्दै सचेत गराएका छन्। शाह प्रधानमन्त्री बन्नेबित्तिकै कतिपय राम्रा कामको सुरुवाती गरेपनि पछिल्ला दिनहरुमा सरकारका काम र प्रधानमन्त्री शाहको एक्लै हिंड्ने बानीप्रति टिप्पणी गरेका हुन्। नेता आचार्यले भनेका छन्, 'देश बनाउने मिसन, भिजन र गोल भएका साथीहरु लिएर हिँड्नुहोस्, योजना र कार्यान्वयन क्षमता भएका साथीहरु लिएर हिँड्नुहोस्, तपाईलाई जनताको साथ अवश्य रहनेछ। तर, एक्लै हिंड्न खोज्दा डिप्रेसनमा पर्नुहोला।'

ठूला-ठूला गफ भन्दा पनि जनताले स-साना कामको मूल्यांकन बाटै समर्थथन वा विरोध गर्ने उनले सुझाव दिएका हुन्। '३५ बर्ष पुरानाले खाए केही गरेनन् भन्नुभयो,' प्रधानमन्त्री

शाहलाई उनले भने 'यही तरिकाले तपाईंको पार्टी र सरकार अगाडी बढे, ३५ बर्ष होईन, अझै ७० बर्षमा पनि केही सकारात्मक परिवर्तन हुने देखिँदैन।' जनताका लागि हावादारी आश्वासन र मिठा गफ होइन, अब परिणाम चाहिएको उनको भनाइ छ। 'बिजुलीको तारको कुरा एउटा पाटो हो, खाना पराउने ग्यास र अन्य जनताका आधारभूत आवस्यकताको परिपूर्तिको अवस्था बारे चिन्तित बन्नुहोस्,'उनले भनेका छन्।

काठमाडौंको मेयर हुँदा सुरु गरिएको तार हटाउने कार्य प्रधानमन्त्री बनेपछि समाप्त भएकोप्रति नेता आचार्यले प्रश्न गरेका छन्। 'प्रधानमन्त्री, उर्जा मन्त्री, विद्युत् प्राधिकरण कसले यो तारको बिषयमा चासो लिएर ब्यबस्थापन गर्ने हो ?' बिजुली, टेलिफोन, ईन्टरनेट, केवललगायतका तारहरुका कारण काठमाडौंलगायत देशभरका सहर असुरक्षित बन्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरेका छन्। पछिल्लो पटक प्रधानमन्त्री शाहले एक्लै भएको भन्ने भावसहितको फेसबुक स्टाटस लेखेको विषयमा कांग्रेस नेता आचार्यले खरो टिप्पणी गरेका छन्।

दानको...

छन्। 'यदि गैरकानुनी काम गरेको भए बैंकबाट कारोबार नगरी नगद लेनदेन गरिथ्यो होला नि !' उनले तर्क गरिन्।

दुवै आरोपित हाजिरी जमानीमा रिहा भए पनि उनीहरूविरुद्ध मानवअंग बेचबिखनसँग सम्बन्धित कसुरमा अनुसन्धान भइरहेको प्रहरी स्रोत बताउँछ।

अवैध डिम्ब निकालिएको यो पहिलो घटना भने होइन। काठमाडौंको बबरमहलमा अवस्थित 'होप फर्टिलिटी एन्ड डायग्नोस्टिक प्रालि'मा डिम्ब कारोबार भइरहेको सूचनाका आधारमा सिआइबीले तीन चिकित्सकसहित पाँचजनालाई पक्राउ गरेको थियो। अनुसन्धानका लागि डा.अश्मी अधिकारी, डा.स्वस्ति शर्मा, डा.मालिना चौधरीसहित जस्टिना प्रधान र अलिसा वलीलाई नियन्त्रणमा लिएको थियो।

उनीहरूमाथि बिचौलियामार्फत किशोरीहरूलाई सम्पर्कमा ल्याउने र डिम्ब निकाल्ने गरेको आरोप छ। अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार उनीहरूले त्यसबापत किशोरीहरूलाई १०-१५ हजार रुपैयाँ दिने गरेका थिए। पीडित किशोरीहरूले आफूहरूलाई ९ देखि १० दिनसम्म इन्जेक्सन लगाएर राखिएको बताएका थिए।

मुद्दा चलिरहेका बेला सुशीला कार्की नेतृत्वको सरकारमा महान्यायधिवक्ताका रूपमा नियुक्त भएकी सविता भण्डारीले उक्त संस्थामाथि मुद्दा नचलाउने निर्णय गरिन्। नेपालमा डिम्ब तस्करीसम्बन्धी भरपर्दो कानुन नै बनेको छैन। त्यही आधारलाई टेकेर महान्यायधिवक्ता भण्डारीले सरकारी तवरबाट निर्णय गरेको कानुनविद्हरूको बुझाइ छ।

जिल्ला अदालत काठमाडौंमा दायर हुनुपर्ने मुद्दामा सरकारी वकिल कार्यालयले अभियोगपत्र दायर गर्ने कानुन नै नभेटिएको बताए। अभियोगपत्र दायर गर्ने आधार नभेटिएको राय सदर हुँदै जिल्ला र उच्च सरकारी वकिल कार्यालयबाट महान्यायाधिवक्ता कार्यालय पुग्यो। दुई तहबाट आएको रायलाई नायव महान्यायाधिवक्ताको तहबाट मुद्दा नचलाउने निर्णय सदर भयो।

महान्यायाधिवक्ता कार्यालयको उक्त निर्णयमाथि पछि सर्वोच्चले हस्तक्षेप गरेको थियो। होपसँगै 'एन्जल फर्टिलिटी क्लिनिक' महाराजगन्जलाई पनि अनुसन्धानको दायरामा ल्याएको थियो। तर, उक्त संस्थाले आफूले नाबालिगबाट डिम्ब निकालेको आरोप अस्वीकार गरेको थियो।

किन...

र शुक्रकीटबाट सन्तान जन्माउने चाहना हुँदा पनि डिम्ब निकालेर फ्रिज गर्न सकिन्छ। कहिलेकाहीं त्यो सम्भव नहुँदा चिकित्सकीय सल्लाहबमोजिम दाताबाट डिम्ब अथवा शुक्रकीट लिएर पनि गर्भधारण गरिन्छ। यस्तो अवस्थामा शल्यक्रियाको माध्यमबाट सबै प्रक्रिया पूरा हुन्छ।

अहिले यही प्रक्रियामा नै बेथिति मौलाएको देखिन्छ। विशेषगरी किशोरीहरू यसबाट पीडित छन्। किशोरीको डिम्बले स्वस्थ बच्चा जन्मिन्छ भन्ने भ्रमकै कारण सानै उमेरमा प्रलोभनमा पारेर डिम्ब बेचबिखन हुने गरेको छ।

डा.शर्माको कार्यकक्षमा पुगेकी १७ वर्षीया किशोरी पनि त्यसैको उपज हुन्। 'मैले त कतिपटक डिम्ब निकालिसकें, केही भएको छैन,' भनेर गोतामेले भनेको कुरालाई उनले सामान्य लिइन्। ५० हजार पाउने लोभले उनलाई फसायो। कानुनले कारोबारको कुरालाई रोक लगाएको छ भने नाबालिगको हकमा मन्जुरी लिएरै पनि डिम्ब निकाल्न पाइँदैन।

किशोरीको...

निकाल्ने, कति डिम्ब आवश्यक पर्छ र त्यसबाट हुने सम्भावित लाभ तथा जोखिम के हुन् भन्ने विषय विशेषज्ञ चिकित्सकले बिरामीको अवस्था हेरेर निर्धारण गर्छन्। निकालिएका डिम्बलाई प्रयोगशालामा परीक्षण लागि प्रयोग गरिन्छ। प्रक्रिया, औषधि र जोखिम भने महिलाको स्वास्थ्य अवस्थाअनुसार फरक हुने उनको बुझाइ छ।

'परिपक्व उमेर भएका महिलाका लागि यो गाह्रो प्रक्रिया हैन, तर किशोरीहरूका लागि यो प्रयास नै गर्नुहुँदैन। उनीहरू शारीरिक रूपमा मात्र हैन, मानसिक रूपमा पनि अपरिपक्व हुन्छन्। शरीरको विकास हुन पनि अझै बाँकी नै रहन्छ,' उनले भनिन्।

'नेपालको कानुनले नै २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई अवैध मान्ने गरेको छ,' उनी भन्छिन् 'सन्तान जन्माउन गाह्रो हुन्छ भनेर मात्र हैन नि, महिलाहरू परिपक्व हुँदैनन्, मानसिक रूपमा तयार नभई बच्चा जन्मिँदा दुवैलाई असर गर्छ।' आफैं बच्चा जन्माउँदा त असर हुन्छ भने उनीहरूको डिम्ब निकाल्दा त झन् असर हुने उनी बताउँछिन्।

अवैध रूपमा हुने डिम्ब कारोबार र स्वेच्छाले हुने डिम्ब दानबीचको फरक बुझ्नुपर्ने उनले बताइन्। 'डिम्ब दान त निःसन्तान दम्पतीका लागि वरदान हो,' उनी भन्छिन्, 'बरु यसको कानुनी प्रक्रियाका बारेमा सोच्नुपर्छ। डिम्ब दानका लागि कानुनमा उल्झन छ, त्यसलाई सुल्झाउनुपर्छ।' केही गलत नियत भएकाहरूले राम्रा काम गर्नेमाथिको नियतमा पनि शंका गर्ने अवस्था सिर्जना गरेकोप्रति भने उनले दुःख व्यक्त गरिन्।

करिब १५ प्रतिशत दम्पतीमा निःसन्तान वा बाँझोपनको समस्या रहेको विभिन्न तथ्यांकले देखाएको छ। यस समस्यामा पुरुष र महिला दुवै उत्तिकै मात्रामा देखिएका छन्। बाँझोपन भएका दम्पतीका लागि आइभिएफ सबैभन्दा उत्तम विकल्प हुँदाहुँदै पनि यसबारे प्रशस्तै विवाद छन्।

दम्पतीकै डिम्ब र शुक्रकीट प्रयोग गरी आइभिएफ पद्धतिबाट सन्तान जन्माउन सम्भव नभएको अवस्थामा अरू कुनै महिलाबाट डिम्ब लिने गरिन्छ। यस्तो अवस्थामा कमजोर आर्थिक अवस्था भएका र अपरिपक्व उमेरका महिलाको खोजी हुने गरेको छ। आइभिएफ आफैंमा महँगो प्रक्रिया हो। पैसा भएका दम्पतीले जति पनि रकम खर्च गर्न तयार भएपछि डिम्बको किनबेच हुने गरेको देखिन्छ।

जनस्वास्थ्यविद् डा.अरुणा उप्रेती डिम्ब कारोबारको चर्चा सार्वजनिक हुनु नै चिन्ताको विषय भएको बताउँछिन्। 'समाचारमा त्यस्ता कुरा आइरहेका छन्,' उनी भन्छिन्, 'यदि यो कुरा साँचो हो भने म ती डाक्टरहरूलाई सोध्न चाहन्छु-के तपाईंहरू आफ्नै छोरी वा बहिनीको डिम्ब यसरी निकाल्न सक्नुहुन्छ ?'

चिकित्सा पेसा विश्वासमा आधारित भएकाले चिकित्सकले व्यावसायिक नैतिकता र मानवताप्रतिको जिम्मेवारीलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ।

'डाक्टर भनेको सेवक हो, विश्वासको पेसा हो। यस्तो कार्य डाक्टरलाई समाजले गरेको विश्वासको धोका होइन र ?' उनी प्रश्न गर्छिन्, 'के डाक्टरले आफ्नो व्यावसायिक नैतिकता र मानवताप्रतिको जिम्मेवारी बिर्सिन मिल्छ ?'

के छ...

२० देखि ३५ वर्षको बीचमा हुनुपर्नेछ। दाता कुनै पनि सरुवा रोगबाट संक्रमित नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने व्यवस्था गरिएको छ। विवाहित व्यक्तिले दान गर्न चाहेमा सम्बन्धित दम्पतीको लिखित मञ्जुरीसमेत आवश्यक पर्नेछ।

मापदण्डले पुरुषले जीवनकालमा बढीमा १० पटकसम्म मात्रै शुक्रकीट दान गर्न पाउने व्यवस्था गरेको छ। महिलाले भने बढीमा ६ पटकसम्म डिम्ब दान गर्न सक्नेछन्। पुरुषले एकपटक शुक्रकीट दान गरेपछि कम्तीमा १५ दिनको अन्तर राख्नुपर्नेछ भने महिलाले कम्तीमा तीन महिनाको अन्तरमा मात्र डिम्ब दान गर्न पाउनेछन्।

संविधानले सुनिश्चित गरेको प्रजनन अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्दै निःसन्तान उपचार सेवामा एकरूपता कायम गर्ने उद्देश्यले मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५को दफा ६४ले दिएको अधिकार प्रयोग गरी मापदण्ड जारी गरेको हो। त्यस्तै, दाताको पहिचान पूर्ण रूपमा गोप्य राख्नुपर्ने व्यवस्था मापदण्डमा गरिएको छ। नाबालिगले डिम्ब दान गर्न नपाउने पनि स्पष्ट रूपमा उल्लेख गरिएको छ। डिम्ब दान गर्न मिल्ने भनिए पनि कारोबार गर्ने कुरालाई पनि कानुनले अपराध मानेको छ।

अधिवक्ता विक्रम नगरकोटी नेपालको कानुनले डिम्बदानलाई अपराध नमानेको बताउँछन्। 'डिम्ब दानलाई कानुनी अपराध मानिएको छैन,' उनी भन्छन् 'तर कारोबार गर्ने कुराले विवाद ल्याएको छ।' पैसाको लोभमा अहिले यस्तो कार्य फस्टाएको भए पनि कानुनी उल्झनले तिनलाई सम्बोधन गर्न सकेको छैन।

'कानुनले अपराध नमाने पनि निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्डले किशोरीको डिम्ब निकाल्नुलाई मानव अंग बेचबेखिनकै अपराध मानेको छ,' उनले भने।

आफ्नै...

आलोचना गरेका थिए। रास्वपा सभापति लामिछानेपक्षीय सांसदहरूले सरकारको आलोचना गरेपछि प्रधानमन्त्री बालेनले एक्लो महसुस गरेर सञ्जालमार्फत भाव पोखेको हुनसक्ने निकटस्थ नेताहरू बताउँछन्। सोही मध्यरातमा बालेनले लेखेका थिए, 'केही समय लाग्छ, सही समय आउनलाई। ढिला होला, तर गलत हुँदैन। नआत्तिनुहोस्। सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीं फरक हुन सक्छ। कहिलेकाहीं एक्लै लड्नुपर्छ। यो पहिलोचोटि होइन।'

राष्ट्रियता, संविधान, गणतन्त्र र जनजीविकाको विषयमा प्रधानमन्त्रीको कार्यशैलीप्रति आमअसन्तुष्टि बढ्दै गएको बेला बालेनको फेसबुक स्टाटसले पार्टी र सरकारबीच अविश्वास झन् बढाएको छ। सोही विषयमा महामन्त्री विपीन आचार्य, नेता मनीष झालगायतले सान्त्वना दिए। परिवर्तनका लागि महान् जनादेश पाएको सरकारमा कोही एक्लो नभएको नेता झाले बताए। उनले भने, 'हामी सबै साथमा छौं। नियत र आशयमा शंका छैन, तर सुधार गर्नैपर्ने केही पक्ष छन्। यो महान् ऐतिहासिक अवसर खेर नजाओस् भनेर सजग रहने र सचेत गराउने काम निरन्तर रहनेछ।' म सरकारको साथमा छु। यहाँ कोही एक्लो छैन।'

त्यस्तै, महामन्त्री विपीन आचार्यले पनि सरकारलाई आएको प्रश्न खबरदारी र नागरिकको ठूलो अपेक्षाको प्रश्न भएको बताएका छन्। काम गर्नेक्रममा हामीबाट गलत भयो भने प्रश्नहरू आउने र त्यसलाई सच्याएर जानुपर्ने उनको दाबी छ।

बालेन र रविबीच पार्टी एकताकै समयमा बालेनले सरकार चलाउने र रविले पार्टी चलाउने सहमति भएको थियो। त्यसक्रममा दुवै नेताले एक-अर्काको जिम्मेवारीमा हस्तक्षेप नगर्ने सहमति भएको थियो। यो विषयलाई सभापति रवि लामिछानेले कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई गरेको वाचा नभएर इतिहाससँग वाचा गरेको टिप्पणी गर्दै आएका छन्। पूर्वसहमति जे भएपनि बालेनले मन्त्रिपरिषद् गठन गर्दा सभापति लामिछाने पक्षका ५० प्रतिशत बढी मन्त्री सरकारमा गएको नेताहरूको दाबी छ। अर्थसहित केही मन्त्रीहरूसँग बालेनले असहज महसुस गर्दै आएको कतिपय घटनाक्रमले देखाउँछ।

पार्टीको प्रथम महाधिवेशनदेखि नै एक-अर्कोप्रतिको जिम्मेवारीमा हस्तक्षेपको रंग देखिएको नेताहरूको भनाइ छ। यहीबेला पार्टी संसद्देखि सार्वजनिक मिडियामा समेत रास्वपाका सांसदहरूले सरकारको कार्यशैलीबारे खुलेर टिप्पणी गर्दा बालेनपक्ष असन्तुष्ट बनेको हो। 'महाधिवेशनमा गुट नदेखाउने भन्ने नै थियो,' एक पूर्वपदाधिकारीले मध्यान्हसँग भने, तर अधिवेशनको दौरान केही टिमगत प्रतिस्पर्धाजस्तो पनि देखियो। मन्त्रिपरिषद् सदस्य विस्तारका क्रममा पनि दुई शीर्ष नेताबीच भागबन्डाजस्तो देखिएकै थियो।'

पछिल्लो समयमा समूहगत प्रतिस्पर्धाको मात्रा केही बढेजस्तो देखिए पनि पार्टीमा ठूलै समस्या आएको रूपमा हेर्न नमिल्ने उनको दाबी छ। 'राजनीतिमा स्वाभाविक हो कि कोही कसैका निकट हुन्छन्, कसैको काम गर्ने तौरतरिकाप्रति कुरा नमिल्न सक्छ। तर, त्यसैलाई सिंगो पार्टीमै ठूलै खतरा भइहाल्यो भनेर भन्न मिल्दैन,' उनले भने। यद्यपि प्रधानमन्त्री शाह र अन्य सांसदहरूको पछिल्लो अभिव्यक्तिले रास्वपामा सभापति लामिछाने पक्षधर नेताहरूले सरकारको कार्यशैलीलाई नरूचाएको प्रस्टै देखिएको हो। रासवपाका सांसद तारा जोशी भने बाहिरका मान्छेहरूलाई इन्फर्मेसन नभएर पनि दुई पक्षबीच असमझदारी भएको हो कि भन्ने कुरा आएको बताउँछन्। 'सरकारमा भएका मान्छेले बाहिरका मान्छेलाई र मिडियालाई कन्भिन्स नगर्दा पनि यस्तो भएको हुनसक्छ,' जोशीले भने, 'सरकारमा भएका र सरकारमा नभएका मान्छेहरूमा कहीं न कहीं फरक धारणा देखिन्छ नै। सरकारको काम गर्ने ढंग कहिलेकाहीं नपुगेको हुन सक्छ। ढंग नपुग्नु र नियतै खराब हुनु फरक कुरा हो।'

सरकारको नेतृत्व र पार्टी नेतृत्वबीचमा विचारधारात्मक समस्या नभएको उनले दाबी गरे। भने, 'यो सरकारसँग काम गरौं भन्ने भावना भएर पनि ढंग नपुगेका कुरालाई स्वीकार गर्नुपर्छ।'

महाधिवेशन सम्पन्न भएको दुई महिना पुग्न लाग्दा पनि केन्द्रीय समितिले पूर्णता नपाउनु, पदाधिकारी मनोनीत हुन नसक्नु, नेताहरूको कार्यविभाजन नहुनु, महाधिवेशनको वैधानिकतामाथि केन्द्रीय समिति बैठकमै प्रश्न उठाउनुले पार्टी र सरकारबीच असमझदारी बढेको रूपमा हेरिएको छ। महाधिवेशनमा गुटबन्दी नगर्ने प्रतिबद्धताविपरीत दुवै पक्षले आ-आफ्ना उम्मेदवारलाई जिताउन दौडधुप गरेको, ३० प्रतिशत महाधिवेशन प्रतिनिधिले पदाधिकारी चयन गरेको, बन्दसत्र हलले पारित गरेको विधानमा रविलाई सहज हुनेगरी सुटुक्क विधान संशोधन गरेको विषयले दुवै पक्षबीच विवाद चर्किएको छ।

साउन १३ गते बसेको बैठकमा बालेन पक्षले महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै छानबिन गर्नुपर्ने प्रस्ताव गरेपछि रवि पक्षले प्रतिवाद गरेको थियो। यद्यपि यस आरोपको महामन्त्री विपीनकुमार आचार्यले खण्डन गरेका छन्। बालेन पक्षले केन्द्रीय समितिमा पठाउने पदाधिकारी तथा सदस्यहरूको नामावली अझै नपठाउँदा केन्द्रीय समितिलाई रास्वपाले पूर्णता दिन सकेको छैन।

काठमाडौं उपत्यकाका नदीहरू किनारामा रहेका सुकुम्वासी बस्ती भत्काएको, पूर्वी तराई-मधेसमा फैलिएको साम्प्रदायिक दंगा नियन्त्रण गर्न समयमै पहल नगरेको र आमनागरिकका दैनिक जीवनसँग 'सर्भिस डेलिभरी' वाचापत्रअनुसार नभएको भन्दै रास्वपाभित्रबाटै विरोध भइरहेको छ। त्यस्तै, सरकारले ल्याएको नीति तथा कार्यक्रम, बजेटमाथि उठेका प्रश्नको जवाफ नदिएको, संसद् छलेर अध्यादेश ल्याएको, संसद् नियमावलीविपरीत प्रधानमन्त्री प्रश्नोत्तरबाट भागेको, सीमासम्बन्धी विवादास्पद अभिव्यक्ति दिएकोलगायत विषयमा सरकार चौतर्फी आलोचित भएको छ।

पछिल्लो समय रास्वपाकै सांसदहरू मनीष झा, डा. अमरेशकुमार सिंह, क्रान्तिशिखा धिताल, रमेश प्रसाईं, हरि पन्त, पुरुषोत्तम यादव, टीका संग्रौला, यज्ञमणि न्यौपाने, रचना खतिवडा, बदन भण्डारीलगायतले सरकारको चर्को विरोध गर्दै आएका छन्। यसै विषयमा सभापति रवि र प्रधानमन्त्री बालेनबीच पटक-पटक छलफल भएको छ। राजनीतिक वृत्तमा पार्टीभित्रैबाट सरकारलाई असहयोग भएको आरोप लागेको छ।

सरकारले सोचेअनुसार काम गर्ने कुरामा पार्टीका नेताहरूबाट आवश्यक सहयोग नपाउँदा एकपछि अर्को असफलताकै कारण प्रधानमन्त्री एक्लो महसुस गर्न थालेको हुनसक्ने रास्वपा निकट विश्लेषकहरूको भनाइ छ।

यहीबीचमा प्रधानमन्त्री शाहले शनिबार अर्को स्टाटस लेख्दै सरकारले काम गरिराखेको छ भन्ने विश्वास दिलाउने प्रयास गरेका छन्। विभिन्न आशंकालाई निवारण गर्ने प्रयास गरेका उनले वर्षौंदेखि बन्द रहेका, घाटामा थलिएका र निराशाले घेरिएका राष्ट्रिय उद्योग फेरि सञ्चालनमा ल्याएको, सार्वजनिक संस्थानहरूलाई पुनः जीवन्त र प्रतिस्पर्धी बनाउन निरन्तर सहजीकरण, उत्प्रेरणा र समन्वयलाई प्राथमिकतामा राखेको विषयलाई सरकारले इमानदार प्रयास गरेको बताएका थिए। कानुन कार्यान्वयन र निरन्तरको 'टिमवर्क'का कारण केही उद्योगमा आशालाग्दा परिणाम देखिन थालेको उनको दाबी थियो। एकैदिन आएको प्रधानमन्त्री बालेनको स्टाटस, र सभापति रविको अभिव्यक्तिले पार्टी र सरकारबीच समन्वय अभावलाई प्रस्ट्याएको छ। यिनै विषयलाई लिएर प्रधानमन्त्री बालेनले एक्लो महसुस गरेको हुन सक्ने राजनीतिक विश्लेषकहरू बताउँछन्।

महिनामा...

मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा केन्द्रीय पार्टी कार्यालयमा उपस्थित भई प्रत्यक्ष संवादमा जोडिएपछि भुइँमान्छेका आवाजलाई सीधै राज्यको नीति निर्माण र कार्यान्वयनको तहसम्म जोड्ने पुलको काम गर्ने विश्वास उनको छ।

उनले लेखेका छन्, 'मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा पार्टी केन्द्रीय कार्यालयमा उपस्थित भई नागरिक र पार्टी पंक्तिसँग प्रत्यक्ष संवादमा जोडिनु हुनेछ। जसले भुइँमान्छेका आवाजलाई सिधै राज्यको नीति निर्माण र कार्यान्वयनको तहसम्म जोड्ने पुलको काम गर्ने विश्वास गरिएको छ।'

यो कार्यक्रम साँझ ५ बजेदेखि देखि ६ बजेसम्म एक घण्टाको अवधि पूर्ण रूपमा आमनागरिकका लागि खुला रहनेछ। मन्त्रीले सिधै सर्वसाधारण जनताका गुनासा, समस्या, अपेक्षा र सुझाव सुन्नेछन्। यसले नेतृत्वलाई भुइंको यथार्थसँग जोडिराख्न मद्दत गर्ने आशा रास्वपाको छ।

दोस्रो चरणमा भने नेतृत्व संवाद हुनेछ। साँझ ६ बजेपछि मन्त्री, पार्टीका केन्द्रीय समिति सदस्यहरू र प्रतिनिधिसभा सदस्यहरूबीचको संयुक्त बैठक बस्नेछ। पहिलो चरणमा नागरिकबाट प्राप्त सुझावका आधारमा तथा देशका समसामयिक, बहुआयामिक र नीतिगत विषयमा यस चरणमा सघन छलफल हुनेछ।

कार्यक्रमका मुख्य उद्देश्यमा साझा रणनीति निर्माण रहनेछ। नागरिक, सरकार (मन्त्री), व्यवस्थापिका (सांसद) र संगठन (केन्द्रीय समिति)बीचको समन्वयलाई चुस्त बनाउँदै नागरिकका मुद्दालाई प्रभावकारी ढंगले सम्बोधन गर्ने सम्बन्धमा साझा रणनीति तय गर्ने हुनेछ।

जवाफदेहिता प्रवर्धनअन्तर्गत मन्त्रीहरूलाई आमनागरिकप्रति प्रत्यक्ष रूपमा जवाफदेही बनाउनेछ। नागरिकको वास्तविक समस्या बुझेर राष्ट्रिय नीति तथा कानुन निर्माणमा पार्टीको धारणा तय गर्दा यथार्थपरक नीति लिनका सहज हुनेछ।

साथै, यसबाट नागरिक, पार्टीको सांगठनिक तह, संसदीय दल र सरकार रहेका प्रतिनिधिबीच प्रभावकारी सूचना र कार्ययोजनाको आदानप्रदान हुनेछ र प्रभावकारी समन्वय हुनेछ।

अर्थात्, सरकारमा रहेका मन्त्री, संसदीय दल तथा पार्टी संगठनबीच सूचना र कार्ययोजनाको आदानप्रदान प्रभावकारी बनाउन रास्वपाले मन्त्रीहरू महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा केन्द्रीय पार्टी कार्यालयमा उपस्थित हुनुपर्ने र संवादमा जोडिनुपर्ने नीति लिएको हो।

विभागमा...

१ सय १७ वटा म्यानपावर दर्ता रहेकोमा संघको गत निर्वाचनमा करिब ९ सय व्यवसायीले प्रतिनिधि पठाएका थिए।

प्रतिबद्धता जनाउनेमा श्रमिक भर्ना प्रक्रियाको सम्पूर्ण लागत रोजगारदाताहरूले व्यहोर्ने 'इम्प्लोइमेन्ट पे' मोडल अर्थात् नैतिक भर्ना प्रणालीअन्तर्गत श्रमिक पठाउने म्यानपावर कम्पनी सञ्चालकहरू पनि छन्।

महासचिव डाँगीले सम्पूर्ण वैदेशिक रोजगार क्षेत्र सुधारका लागि आन्दोलन भएको र सबै प्रक्रियाबाट श्रमिक पठाउने प्रक्रिया रोकिएकाले कसैलाई पनि भर्ना तथा उडानका प्रक्रियामा अघि बढ्ने छुट नरहेको बताए। उनले भने, 'सम्पूर्ण वैदेशिक रोजगार क्षेत्र सुधारका लागि यो कठिनाइ उठाउने निर्णय भएको हो, कसैले पनि श्रम स्वीकृति लिने काम गर्नुहुन्न।'

संघले आन्दोलन अघि बढाउन प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। विभिन्न १५ बुँदामा वैदेशिक रोजगार क्षेत्र सुधारका माग अगाडि सारेको संघले नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन सम्भव नभएको जनाएको छ।

विशेष परिस्थितिमा सरकारको निर्णय मान्दा विभिन्न मितिमा ७ सय ६१ म्यानपावर कम्पनीलाई विभागद्वारा गरिएको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने, सेवाशुल्क परिमार्जन र हवाई भाडा भ्याटमा छुटका मुख्य मागमा सरकारले ठोस काम गर्नुपर्ने संघको अडान छ।

श्रमिकको लागत खर्च निर्धारण गरी व्यवसायीको वैज्ञानिक सेवाशुल्क निर्धारणसहित वैदेशिक रोजगार ऐन, २०६४ को समयसापेक्ष संशोधन गरिनुपर्ने विषयलाई पनि संघले विशेष जोड दिएको छ। संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले हाल श्रमिकको अनिवार्य खर्च पनि म्यानपावर कम्पनीले लिएको गलत आरोप रहेको भन्दै त्यसको अन्त्य गर्नुपर्ने बताएका छन्। अन्तर ष्ट्रिय प्रचलन, भारत, पाकिस्तानसहित छिमेकी मुलुकको अभ्यास र नेपाली जब पोर्टलहरूले गरेको अभ्यासअनुसार श्रमिकले पाउने एक महिनाको तलब बराबरको रकम सेवाशुल्क तोकिनु उचित हुने उनको भनाइ छ।

भूल सुधार

साउन २० गते शुक्रबार प्रकाशित गाडी मोह शीर्षकको समाचारमा पेट्रोल र डिजल आयातको तथ्यांक हुनुपर्नेमा गाडी आयात भन्ने उल्लेख भएकाले भूलसुधारसहित सच्याइएको छ। -सं.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सुधारकेन्द्रमा तनाव

झडप हुँदा एकजनाको मृत्यु, पाँच पक्राउ

काठमाडौं/मस– भक्तपुर सूर्यविनायक नगरपालिका-१ सिरुटार विरुवास्थित उत्साहित सुधार केन्द्रमा आइतबार भएको झडपमा एक जनाको मृत्यु भएको छ । सोही वडाका ४१ वर्षीय उमेश खड्गीको मृत्यु भएको हो ।

घटनापछि दोषीमाथि कारबाहीको माग गर्दै मृतकका आफन्त तथा स्थानीयवासीले प्रदर्शन गरेका छन्। प्रदर्शनका कारण सिरुटार विरुवा क्षेत्र दिनभर तनावग्रस्त बन्यो ।

प्रहरीले ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको थियो । मृतककी पत्नी भगवती शाहीका अनुसार खड्गीलाई स्वास्थ्य अवस्था सामान्य रहेकै अवस्थामा गत बिहीबार मात्रै सुधार केन्द्रमा भर्ना गरिएको थियो । आइतबार बिहान करिब ४ देखि ५ बजेको बीचमा केन्द्रका कर्मचारी घरमै पुगेर खड्गीलाई अस्पताल लगिएको र तत्काल अस्पताल आउन खबर गरेका थिए।

खबर पाएपछि आफू मध्यपुर थिमिस्थित मध्यपुर अस्पताल पुगेको र त्यहाँ पुग्दा श्रीमानको मृत्यु भइसकेको जानकारी पाएको शाहीले बताइन् ।

परिवारले घटनाबारे सोधखोज गर्ने क्रममा प्राप्त गरेको सिसिटिभी फुटेजमा सुधार केन्द्रमा रहेका केही व्यक्तिले खड्गीमाथि कुटपिट गरेको देखिएको दाबी गरेको छ। परिवारले घटनामा संलग्नलाई कारबाही गर्न माग गरेको छ ।

घटनामा संलग्न रहेको आशंकामा प्रहरीले सुधार केन्द्रमा रहेका पाँच जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले शवको पोस्टमार्टम रिपोर्ट, घटनास्थलबाट संकलित प्रमाण र सिसिटिभी फुटेजका आधारमा घटनाको अनुसन्धान अघि बढाएको छ ।

मृतकका आफन्तसँग थप छलफल तथा औपचारिक सहमतिका लागि सोमबार जिल्ला प्रशासन कार्यालय भक्तपुरमा बैठक बोलाइएको छ । खड्गीको शव पोस्टमार्टमका लागि काठमाडौं मेडिकल कलेज (केएमसी) अस्पताल दुवाकोट, भक्तपुरमा राखिएको छ । पीडित पक्षले लिखित तथा औपचारिक सहमति नभएसम्म शव नबुझ्ने अडान लिएको छ ।

एनआरएनएलाई दलगत स्वार्थभन्दा माथि उठाउनुपर्नेमा जोड

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २४ साउन

गैरआवासीय नेपाली संघ (एनआरएनए) भित्र देखिँदै आएको आन्तरिक विवाद, राजनीतिक प्रभाव र संस्थागत असमझदारी संवाद र सहकार्यबाट समाधान गर्दै संघलाई एकताबद्ध बनाउनुपर्नेमा एनआरएनए राष्ट्रिय समन्वय परिषद् (एनसिसी) युएईका अध्यक्ष भीम मल्ल ठकुरी र एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले जोड दिएका छन् ।

एनसिसी कतारले कतार भ्रमणमा रहेका ठकुरीको सम्मानमा आयोजना गरेको भेटघाटमा उनीहरूले एनआरएनएको संस्थागत अवस्था, श्रमिकका समस्या तथा आगामी कार्यदिशाबारे धारणा राखेका हुन् । ठकुरीले एनआरएनए कुनै व्यक्ति वा राजनीतिक दलको स्वार्थ पूरा गर्ने संस्था नभई विश्वभरका गैरआवासीय नेपालीको साझा संस्था भएकाले दलगत प्रभावबाट मुक्त राख्नुपर्ने बताए । कतारमा देखिएको संस्थागत एकताको प्रयास सकारात्मक रहेको उल्लेख गर्दै उनले युएईमा देखिएको असमझदारी पनि संवाद र सहकार्यबाट समाधान हुने विश्वास व्यक्त गरे । 'संस्थागत असमझदारीभन्दा ठुलो कुरा एनआरएनए अभियान हो,' उनले भने ।

एनसिसी कतारका अध्यक्ष पन्थीले संस्थालाई फुटाउन सजिलो भए पनि जोडेर अघि बढाउन कठिन हुने बताए । कतारमा विगतमा संस्थागत एकता कायम गर्ने क्रममा विभिन्न चुनौती आए पनि समयमै दृढ निर्णय लिन सकेकाले एकता सम्भव भएको उनको भनाइ थियो । एनआरएनएलाई दलगत स्वार्थभन्दा माथि उठाएर सबै गैरआवासीय नेपालीको साझा संस्थाका रूपमा अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

यसैबीच, ठकुरी सहयोग सञ्जाल कतार र रोयल नेपाल यूथ एसोसिएसन (ठकुरी ग्रुप) कतारको संयुक्त आयोजनामा भएको भेटघाट तथा सम्मान कार्यक्रममा ठकुरीलाई दोसल्ला र मायाको चिनो प्रदान गरी सम्मान गरिएको छ। प्रवासमा नेपाली समाज तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकको हकहितमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई सम्मान गरिएको हो । कार्यक्रममा समाजसेवी युवराज गुरुङ र अनिल गुरुङलाई समेत सम्मान गरिएको थियो ।

सम्मानपछि ठकुरीले कतार तथा युएईमा रोजगारीको प्रलोभन देखाएर नेपालीलाई अलपत्र पार्ने र आफ्नै नेपालीबाट ठगिने क्रम बढेको भन्दै चिन्ता व्यक्त गरे । समस्यामा परेका श्रमिकको सहयोग र उद्धारका लागि आफूहरू निरन्तर सक्रिय रहेको बताउँदै उनले झुटा आश्वासन र प्रलोभनमा नपर्न आग्रह गरे । हालै निर्वाचित ठकुरी सहयोग सञ्जाल कतारको नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिँदै उनले आगामी दिनमा कतार-युएईबीच सामाजिक सहकार्य थप सशक्त बनाउनुपर्ने बताए । भेटघाटका क्रममा आगामी मध्यपूर्व क्षेत्रीय सम्मेलन कतारमा आयोजना गर्ने विषयमा समेत छलफल भएको थियो ।

रियादमा झापाली समाजको महाधिवेशन रचनाको प्रस्तुतिले तात्यो माहोल

अन्जान गुभाजु/मध्यान्ह
रियाद, साउदी अरेबिया,२४ साउन

साउदी अरेबियाको राजधानी रियादमा झापाली समाज-साउदी अरेबियाको तेस्रो महाधिवेशन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा चर्चित गायिका रचना रिमालको सुमधुर सांगीतिक प्रस्तुति प्रमुख आकर्षणका रूपमा देखिएको थियो। शुक्रबार आयोजित कार्यक्रममा उनले आफ्ना चर्चित गीतहरू प्रस्तुत गर्दा उपस्थित नेपाली दर्शकहरू उत्साहित र मन्त्रमुग्ध बनेका थिए । वैदेशिक रोजगारीका क्रममा साउदी अरेबियामा रहेका नेपालीहरूको उल्लेखनीय सहभागितासँगै रिमालले विभिन्न लोकप्रिय गीत गाएकी थिइन् । उनी मञ्चमा देखिनासाथ दर्शकहरूले ताली, हुटिङ र नृत्यमार्फत भरपूर साथ दिएका थिए । लामो समयदेखि नेपाली सांगीतिक वातावरणबाट टाढा रहेका प्रवासी नेपालीहरूका लागि उक्त प्रस्तुति मनोरञ्जनसँगै आफ्नो पहिचान र संस्कृतिसँग जोडिने अवसर बनेको थियो । कार्यक्रममा रिमालसँगै म्हेन्दोमाया मोडल तथा डान्सर पारु वाइवा तामाङ, नेपाली नृत्य समूह रियाद तथा स्थानीय कलाकार हरूले समेत आकर्षक प्रस्तुति दिएका थिए ।महाधिवेशनले राजु बरताललाई झापाली समाज-साउदी अरेबियाको नयाँ अध्यक्षमा चयन गरेको छ भने गोपालप्रसाद आचार्य महासचिव बनेका छन् ।

त्यस्तै, वरिष्ठ उपाध्यक्षमा राजेन्द्र ढुंगेल, उपाध्यक्षमा श्रीदेवी सुतार कार्की र गंगा केरुङ लिम्बु, महिला उपाध्यक्षमा कृष्णमाया हुमागाईं आचार्य, सहसचिवमा दिवस घिमिरे र कोषाध्यक्षमा राजेश गौतम चयन भएका छन् । सह-कोषाध्यक्ष पद पछि मनोनयन गरिने जनाइएको छ ।

नयाँ कार्यसमितिमा रमेश सिटौला, सन्तोष पाठक, भोला पौडेल, कुमार बराइली, मेनी उप्रेती, मिना न्यौपाने, मनोहरी सिटौला, पूर्णप्रसाद नेपाल, मनोज बिष्ट, नवीन रिजाल, शिव न्यौपाने, रविन अधिकारी, चुनामणि शंकर, बिपिन केरुङ, गोपाल भण्डारी र नैना लिम्बु सदस्य रहेका छन् । प्रमुख सल्लाहकारमा रविन गिरी चयन भएका छन् भने सल्लाहकार हरूमा राजेन्द्र थापा, होम थापा, काजिमान कन्दङ्वा, बलराम थापा, किरण चौधरी, इन्द्र गिरी, रमेश भट्टराई र बलबहादुर गिरी रहेका छन् ।

कार्यक्रम समाजका अध्यक्ष रबिन गिरीको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाली दूतावास, रियादकी कार्यवाहक राजदूत सिर्जना अधिकारी प्रमुख अतिथिका रूपमा सहभागी थिइन् । साथै लेबर काउन्सिलर कविराज उप्रेती, विभिन्न नेपाली संघ-संस्थाका प्रतिनिधि, सामाजिक अभियन्ता, पत्रकार तथा ठूलो संख्यामा नेपाली समुदायको उपस्थिति रहेको थियो । वक्ताहरूले प्रवासमा रहेर पनि नेपाली भाषा, कला र संस्कृतिको संरक्षणमा झापाली समाजले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । कार्यक्रममा प्रवेश शुल्क २५ साउदी रियाल निर्धारण गरिएको थियो । आयोजकका अनुसार कार्यक्रमबाट उठेको रकम खर्च कटाएर बाँकी रहेको रकम वृद्धाश्रमलाई सहयोग गरिनेछ ।

समाजले प्रवासमा नेपाली कला, संस्कृति, मनोरञ्जन र समाजसेवालाई एकैसाथ अघि बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ ।

यद्यपि कार्यक्रम भव्य रूपमा सम्पन्न भए पनि क्याटरिङमार्फत उपलब्ध गराइएको खाना र पानीको मूल्य महँगो भएको भन्दै केही दर्शकले असन्तुष्टि व्यक्त गरेका थिए । सहभागीहरूले यस्ता ठूला कार्यक्रमहरूमा खानपिनको मूल्यलाई पारदर्शी र सहज बनाउन आगामी दिनमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन् । समग्रमा सांगीतिक प्रस्तुति, सांस्कृतिक कार्यक्रम र नयाँ नेतृत्व चयनसँगै उक्त कार्यक्रमले रियादस्थित नेपाली समुदायमा उत्साह र एकता थपेको छ । प्रवासमा नेपालीपनलाई जगेर्ना गर्दै सामाजिक उत्तरदायित्वसँग जोडिएको यस कार्यक्रमले समुदायबीच सहकार्य र सद्भावलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

नेपालयले सार्वजनिक गऱ्यो २५ वर्षमुनिका ७५ युवा लेखकका कृति

काठमाडौं/मस– नेपालयले २५ वर्षमुनिका ७५ नयाँ लेखकका कथा, कविता र निबन्ध समेटिएका तीन पुस्तक सार्वजनिक गरेको छ । शनिबार कालिकास्थानस्थित नेपालयको आरशालामा आयोजित कार्यक्रममा २५ कथाकार, २५ कवि र २५ निबन्धकारका कृति लोकार्पण गरिएको हो ।

गत वर्ष नेपालयले २५ वर्षमुनिका लेखकबाट कथा, कविता र निबन्ध आह्वान गरेको थियो । देश तथा विदेशबाट उत्साहजनक सहभागिता जनाएका युवामध्ये छनोट भएका ७५ लेखकका रचना तीन छुट्टाछुट्टै विधाका पुस्तकमा समेटिएका छन् । कार्यक्रममा युवा लेखकहरूको उल्लेख्य उपस्थिति थियो। अस्ट्रियाको भियना विश्वविद्यालयमा प्राध्यापनरत लेखक अलका आत्रेय चूडालले युवाहरूमा देखिएको साहित्यिक उत्साहप्रति खुसी व्यक्त गरिन् । उनले युवाहरू किताब किन्न, पढ्न तथा साहित्यिक जिज्ञासा राख्न सक्रिय रहेको बताइन् ।

कथा विधामा प्रकाशित पुस्तकमा अजय कार्की, अनिता धिताल, अनुष्का लामिछाने, अमित भट्टराई, आर्या अधिकारी, ईशान ढकाल, उमेश कार्कीलगायत २५ कथाकारका रचना समेटिएका छन् । नयाँ कथाकारहरूसँग आख्यानकार नारायण वाग्लेले खुला संवाद गरेका थिए। छनोटकर्ता समेत रहेका वाग्लेले युवा लेखकहरूको कथा शैली र शिल्प आफूलाई प्रभावित बनाएको बताए। उनीहरूको परिपक्व प्रश्न र धारणाले नयाँ पुस्ताको आख्यानमा बलियो सम्भावना देखिएको उनको भनाइ थियो । त्यस्तै, कविता विधामा अनिता तिवारी, अनुपा गैरे, आर्य निरौला, उत्सव आचार्य, उषा लिम्बू, कम्मान रावल, गायत्री नेपाल, गौरव न्यौपानेलगायत २५ कविका रचना समावेश छन् ।

कविहरूसँग कवि तथा आख्यानकार श्रवण मुकारुङले संवाद गरेका थिए । उनले नयाँ पुस्ताका कविहरूको सिर्जनालाई नेपाली साहित्यको नयाँ समयको संकेतका रूपमा व्याख्या गर्दै उनीहरूका कृति पढ्न र सिफारिस गर्नुपर्ने बताए । निबन्ध विधामा अनुकृत लामिछाने, अविरल जाग्री, कञ्चनकुमार बस्नेत, कवीन्द्र जोशी, कृषा दाहाल, जयनी पण्डित, जिज्ञासा सोनम, धीरजप्रताप मल्ल ठकुरी, नुमा थाम्सुहाङलगायत २५ निबन्धकारका रचना समेटिएका छन् । निबन्धकार भूषिता वशिष्ठले अनलाइनमार्फत नयाँ निबन्धकारहरूसँग संवाद गरेकी थिइन् ।

तीनै विधाका रचना छनोट गर्ने क्रममा श्रवण मुकारुङ, नारायण वाग्ले र भूषिता वशिष्ठले ७५ रचनाकारसँग संवाद गरेका थिए । केही लेखक देशबाहिर तथा काठमाडौं बाहिरबाट अनलाइनमार्फत कार्यक्रममा जोडिएका थिए । युवा लेखकहरूको परिपक्व विचार, धारिला प्रश्न र गहिरो साहित्यिक जिज्ञासाले छनोटकर्ताहरूलाई समेत प्रभावित बनाएको थियो । श्रवण मुकारुङले यो दिन नेपाली साहित्यका लागि ऐतिहासिक भएको टिप्पणी गर्दै बलिया लेखकहरू सिर्जनशील र वैचारिक हस्तक्षेपसहित उदाएको बताए । नेपालयका टिम लिडर किरणकृष्ण श्रेष्ठले पल्पसा क्याफे प्रकाशनबाट सुरु भएको नेपालयको यात्राले २० वर्ष पूरा गरेको अवसरमा नयाँ पुस्ताका लेखक खोजी गरिएको बताए । कार्यक्रमका परिकल्पनाकार तथा सम्पादक विमल आचार्यले '२५ वर्षका २५' शीर्षकमा गरिएको खुला आह्वानमा संसारभरबाट उत्साहजनक सहभागिता भएको बताए । युवाहरू पढ्दैनन् र लेख्दैनन् भन्ने भाष्यमाथि समेत यस अभियानले प्रश्न उठाएको उनको भनाइ थियो। यसै अवसरमा नेपालयले शनिबार बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म विभिन्न कार्यक्रमसहित नेपालय साहित्य उत्सव आयोजना गरेको थियो ।

ब्लड क्यान्सरपीडितको उपचारका लागि सहयोग

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, २४ साउन

सानीभेरी गाउँपालिका-११ का २१ वर्षीय नरबहादुर बुढाथोकीको उपचारका लागि संकलन गरिएको ५ लाख ५१ हजार ५७० रुपैयाँ आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

विगत तीन वर्षदेखि ब्लड क्यान्सरबाट पीडित नरबहादुरको ललितपुरस्थित पाटन अस्पतालमा उपचार भइरहेको छ। चिकित्सकका अनुसार उनको जीवन बचाउन बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने भएकाले थप उपचारका लागि भारत लैजानुपर्ने अवस्था रहेको छ । भारतमा उपचारका लागि करिब ३५ देखि ४० लाख रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ ।

नरबहादुरको पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले उपचारमा समस्या भएपछि स्थानीय समाजसेवी तुलसीराम बुढाथोकी, जगदीश ओली र मानबहादुर ओलीको संयुक्त पहलमा आर्थिक सहयोग संकलन अभियान सञ्चालन गरिएको थियो ।

अभियानमार्फत स्वदेश तथा विदेशमा रहेका विभिन्न व्यक्ति, संस्था र शुभेच्छुकबाट सहयोग रकम संकलन गरिएको हो । यसरी संकलित ५ लाख ५१ हजार ५७० रुपैयाँ शनिबार पाटन अस्पतालमै पुगेर नरबहादुरका बुबा लालवीर बुढाथोकीलाई हस्तान्तरण गरिएको हो। समाजसेवी हरिचन्द्र शाहले उक्त रकम हस्तान्तरण गरेका थिए। रकम हस्तान्तरण कार्यक्रममा सानीभेरी गाउँपालिका-११ का लालबहादुर ओली तथा सहयोग संकलन अभियानका अभियन्ता तुलसीराम बुढाथोकी, जगदीश ओली र मानबहादुर ओलीको उपस्थिति थियो ।

अभियानका अभियन्ता जगदीश ओलीले नरबहादुरको उपचारका लागि स्वदेश तथा विदेशबाट आर्थिक सहयोग गर्ने सम्पूर्ण दाता तथा शुभेच्छुकप्रति धन्यवाद व्यक्त गरे । उनले संकलित सहयोग रकमले नरबहादुरको थप उपचारमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे । नरबहादुरका बुबा लालवीर बुढाथोकीले छोराको उपचारका लागि आर्थिक तथा अन्य सहयोग गर्ने स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दाता, शुभेच्छुक तथा सहयोग अभियानमा सक्रिय अभियन्ताप्रति आभार व्यक्त गरेका छन् ।

रक्तदान कार्यक्रममा ३४ पिन्ट रगत संकलन

राजकुमार भुजेल/मध्यान्ह
चरिकोट, २४ साउन

नेपाल प्रहरी श्रीमती संघको ४२औं वार्षिक उत्सवको अवसरमा जिल्ला प्रहरी कार्यालय दोलखाले आयोजना गरेको खुला रक्तदान कार्यक्रममा ३४ पिन्ट रगत संकलन भएको छ। आइतबार चरिकोटस्थित सातदोबाटोमा आयोजित कार्यक्रममा प्रहरी कर्मचारीसहित विभिन्न क्षेत्रका स्वयंसेवी रक्तदाताले रक्तदान गरेका हुन्। कार्यक्रममा ३० जना पुरुष र चार जना महिलाले रक्तदान गरेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ ।

जिल्लामा हुन सक्ने रगतको अभावलाई मध्यनजर गर्दै मानवीय सेवाको उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायव उपरीक्षक मनोजकुमार लामाले बताए । उनका अनुसार रक्तदानले आवश्यक परेको समयमा जिल्लावासीलाई रगत उपलब्ध गराउन सहयोग पुग्नेछ । सामाजिक सेवाको भावनासहित नेपाल प्रहरी श्रीमती संघको वार्षिक उत्सवलाई रक्तदानसँग जोडिएको उनले बताए ।

डिएसपी लामाको अध्यक्षता तथा दोलखाका सहायक प्रमुख जिल्ला अधिकारी सुरथ पोखरेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा रक्तदानसँगै निःशुल्क स्वास्थ्य शिविर तथा शुद्ध खानेपानीको समेत व्यवस्था गरिएको थियो । स्वास्थ्य शिविरमार्फत सहभागीको सामान्य स्वास्थ्य परीक्षणसमेत गरिएको आयोजकले जनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दोलखा र पशुपति चौलागाई स्मृति अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा प्रहरी कर्मचारी, स्थानीय नागरिक तथा विभिन्न क्षेत्रका स्वयंसेवीको सहभागिता रहेको थियो । नेपाल प्रहरी श्रीमती संघको वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रमले सामाजिक सेवासँगै जिल्लामा आवश्यक पर्ने रगत व्यवस्थापनमा समेत योगदान पुग्ने आयोजकको विश्वास छ ।

'मिसेस ब्युटिफुल नेपाल'को ग्रान्ड फिनाले भदौ ६ गते हुने

काठमाडौं/मस– सौन्दर्य, व्यक्तित्व, आत्मविश्वास र प्रतिभाको समिश्रणका रूपमा परिचित 'मिस ब्युटिफुल नेपाल'को ११औं तथा 'मिसेस ब्युटिफुल नेपाल'को १०औं संस्करणको ग्रान्ड फिनाले आगामी भदौ ६ गते काठमाडौंस्थित राष्ट्रिय नाचघरमा भव्य रूपमा आयोजना हुने भएको छ ।

अडिसन चरण पार गर्दै छनोट भएका प्रतियोगीहरू यतिबेला ग्रान्ड फिनालेको तयारीमा व्यस्त छन् । आयोजकका अनुसार प्रतियोगीहरूलाई व्यक्तित्व विकास तथा पेजेन्टसम्बन्धी विविध पक्षमा विशेष प्रशिक्षण प्रदान गरिँदै आएको छ । प्रशिक्षण अन्तर्गत मिडिया कम्युनिकेसन, सार्वजनिक वक्तृत्वकला, एमसीइड, व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, फिटनेस, योग, सेल्फ-मेकअप तथा फेसनका विषयमा दक्ष प्रशिक्षकहरूले प्रशिक्षण दिइरहेका छन् । यस संस्करणमा सहभागी प्रतियोगीहरूमा मन्दिरा आचार्य, सृजना घिमिरे, समीक्षा शर्मा, रिता कटुवाल, गीता बुढाथोकी, रिता तामाङ, रेखा श्रेष्ठ, निशा राजभण्डारी, सञ्जिना चौधरी, तारा कुमारी दुलाल र सुनिता श्रेष्ठ आचार्य रहेका छन् । यी सबै प्रतियोगीहरू अहिले अन्तिम चरणको तयारीमा केन्द्रित हुँदै आफ्नो प्रस्तुति निखार्ने अभ्यासमा जुटेका छन् ।

आयोजक समितिका अध्यक्ष तथा दक्ष इन्टरनेसनलका प्रमुख टेकराज पाण्डेका अनुसार प्रतियोगिताको उद्देश्य केवल बाह्य सौन्दर्य प्रदर्शनमा सीमित नभई महिलाको व्यक्तित्व, प्रतिभा, आत्मविश्वास, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वलाई उजागर गर्नु हो । उनका अनुसार प्रशिक्षणमार्फत प्रतियोगीहरूलाई मञ्चमा आत्मविश्वासका साथ प्रस्तुत हुने कला, आफ्नो क्षमता प्रभावकारी रूपमा देखाउने सीप तथा समाजमा सकारात्मक भूमिका निर्वाह गर्न आवश्यक ज्ञान प्रदान गरिँदै छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०४/२५

यस कम्पनीको मिति २०८३।०३।२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार सावित कम्पनी **प्रदेश सञ्चार प्रा.लि. (दर्ता नं. २४०२५७)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार कन्सर्न प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०।११।१५ मा **प्रा.लि.नं. ३३०६९७** मा दर्ता भएको **एस.वाई. इन्टरटेन्मेन्ट प्रा. लि.** को मिति २०८३।०४।२० मा सम्पन्न शेयरधनीको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: नारायण प्रसाद बन्जाडे, इजाजतपत्र नं. ३१२, फोन नं. ९८५१००४१६८

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२५

मिति २०८३/०४/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.के. रेंटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एम.के. होल्डिङ्स् प्रा. लि (प्रा. लि. नं.: ३८५८३३)** कायम गर्ने गरी मिति २०८३/०४/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **एम.ए.डब्लू. वृद्धि अटोकर्प प्रा.लि.** ले **Thailand** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं.	माल वस्तुको विवरण	आकार प्रकार	ब्राण्ड	मोडल	मोडल कोड	भ्यरियन्ट कोड	मोटर	क्षमता	उत्पतिको मुलुक	इकाई	अधिकतम खुद्रा इकाई बिक्रि मुल्य
1	CHANGAN	CAR	NEVO	Q05	SC6440AAAEBEV	4001	120Kwh	5 Seat	Thailand	Per Unit	59,99,000/-

विक्रेता फर्मको नाम : एम.ए.डब्लू. वृद्धि अटोकर्प प्रा.लि.
ठेगाना : नक्साल काठमाडौं

भ्याट नं. ६१००१४६६२
फोन नं.: ०१-४५५७३६५

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

नर्सको पलायन रोक

सरकारले सुशासनलाई आफ्नो मुख्य प्राथमिकता बताउँदै आएको छ । स्वास्थ्य क्षेत्रलाई पनि नागरिकमैत्री, जवाफदेही र सहज बनाउने महत्वाकांक्षी योजना अघि सारिएको छ । सरकारको सयबुँदे कार्यसूचीको ८५ नम्बरमा विपन्नलाई सहज उपचार, डिजिटल स्वास्थ्य सूचना प्रणाली तथा अस्पतालको सेवा प्रवाह सुधार गर्ने विषय समेटिएको छ । तर, योजना र प्रतिबद्धता सार्वजनिक भएको लामो समय बित्दा पनि स्वास्थ्य क्षेत्रमा अपेक्षित सुधार देखिएको छैन । बरू, स्वास्थ्यकर्मीका निरन्तर आन्दोलनले सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ । नर्स तथा मिडवाइफको अधिकार र सेवा-सुविधाको माग गर्दै भएको आन्दोलन यसको पछिल्लो उदाहरण हो । सात दिनको अनशनपछि सरकार र संघर्ष समितिबीच भएको सम्झौताले तत्कालको समस्या समाधान गरे पनि दीर्घकालीन समस्या भने यथावत् छन् ।

नेपालमा नर्सिङ जनशक्तिको संख्या ठुलो छ । नेपाल नर्सिङ परिषद्मा मात्रै १ लाख २८ हजारभन्दा बढी नर्स तथा मिडवाइफ दर्ता छन् । तर, देशभित्र सक्रिय नर्सको संख्या करिब ५० हजारको हाराहारीमा रहेको र हजारौं बेरोजगार वा अर्धरोजगार रहेको अवस्था छ । हरेक वर्ष सात हजारभन्दा बढी नर्स उत्पादन भइरहँदा पनि देशमा नर्सको अभाव देखिनु विडम्बना हो । समस्या जनशक्तिको अभावभन्दा बढी व्यवस्थापन, रोजगारी, पारिश्रमिक र अवसरको छ । अस्पतालमा एक नर्सले अत्यधिक बिरामी हेर्नुपर्ने, पर्याप्त आराम र बिदा नपाउने तथा योग्यता र अनुभवअनुसार पद तथा सुविधा नपाउने गुनासो वर्षौंदेखि एउटै छ । निजी अस्पतालमा सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाउने अवस्था छ । यसले लाखौं रूपैयाँ खर्च गरेर नर्सिङ शिक्षा हासिल गरेको दक्ष जनशक्तिमाथि श्रमशोषण हुँदा अन्ततः उनीहरूलाई विदेशिन बाध्य बनाउँछ । हरेक वर्ष एक हजारभन्दा बढी नर्स बिदेसिने र ठुलो संख्यामा विदेश जान आवश्यक प्रमाणपत्र लिने गरेको तथ्यांकले त्यही देखाउँछ ।

देशमै अवसर र सम्मान नपाए दक्ष जनशक्ति बिदेसिनु स्वाभाविक बन्दै जान्छ । यसले भविष्यमा स्वास्थ्य सेवामै जनशक्ति अभाव बढाउने जोखिम छ । त्यसैले सरकारले सम्झौता गरेर आन्दोलन रोक्ने मात्र होइन, प्रतिबद्धता कार्यान्वयन गर्नुपर्छ । नर्स-बिरामी अनुपात मिलाउने, योग्यताअनुसार पद र बढुवा सुनिश्चित गर्ने, न्यूनतम पारिश्रमिक कडाइका साथ लागू गर्ने र सुरक्षित कार्य वातावरण निर्माण गर्नेमा ध्यान दिनुपर्छ । नर्स स्वास्थ्य सेवाको अग्रपंक्तिमा रहेर बिरामी र परिवारसँग प्रत्यक्ष जोडिने जनशक्ति हो । उनीहरू सम्मान र प्रर्याप्त सुविधाका हकदार छन् । स्वास्थ्य क्षेत्र सुधारको सुरूवात अस्पतालको भवनबाट होइन, त्यहाँ सेवा दिने जनशक्तिको सम्मानबाट गरिनुपर्छ ।

सामाजिक सञ्जाल : स्वतन्त्रता कि अभद्रता ?

लोकतन्त्रले दिएको अभिव्यक्ति स्वतन्त्रतालाई सामाजिक सञ्जालमा व्यापक दुरुपयोग गरी अश्लीलता र गालीगलौजको अखडा बनाइएको छ । भ्युज र सस्तो लोकप्रियताका लागि तथ्यहीन अफवाह फैलाउने प्रवृत्तिले सामाजिक सद्भावमा प्रहार गरेको छ । तसर्थ, डिजिटल नैतिकता र संयमता अपनाएर सामाजिक सञ्जाललाई घृणा होइन, परिपक्व र सुसंस्कृत विचार विमर्शको साझा मञ्च बनाउन अपरिहार्य छ ।

अग्रलेख

● डा. देवीप्रसाद आचार्य

लोकतन्त्रलाई विश्व जगत्ले नै एक उत्कृष्ट, समावेशी र आदर्श राजनीतिक प्रणालीका रूपमा स्वीकार गरेको छ । लोकतन्त्रका धेरै सुन्दर र सशक्त पक्षमध्ये व्यक्तिको विचार तथा अभिव्यक्ति स्वतन्त्रता सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । नेपालको संविधान (२०७२)ले पनि विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई नागरिकको मौलिक अधिकारका रूपमा दस्तावेजीकरण गर्दै अक्षुण्ण राखेको छ । समाजमा खुलेर बोल्न, लेख्न र आफ्ना विचार निर्भीकताका साथ अभिव्यक्त गर्न पाउने यो स्वतन्त्रताको कतिपय क्षेत्रमा रचनात्मक सदुपयोग भएको छ भने विशेषगरी आधुनिक सामाजिक सञ्जालमा यसको व्यापक, गम्भीर र चिन्ताजनक दुरुपयोग भइरहेको छ ।

२०४६ सालको प्रजातन्त्र पुनर्बहालीपश्चात् नेपालमा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग मुख्यतया पत्रपत्रिकाका लेख-रचना, सम्पादकीय, औपचारिक विचार-गोष्ठी, अन्तर्वार्ता, सामाजिक अन्तरक्रिया तथा विभिन्न बौद्धिक बहसजस्ता मर्यादित कार्यक्रममा हुने गर्दथ्यो । ती विचार रेडियो, टेलिभिजन तथा छापा माध्यमबाट जनतामाझ पुग्थे । तर, सूचना र प्रविधिको द्रुत विकाससँगै आज ती परम्परागत माध्यमसँगै विविध डिजिटल प्लेटफर्मको व्यापक प्रयोग हुन थालेको छ । पछिल्लो समयमा युट्युब, इन्स्टाग्राम, टिकटक, लिंक्डइन, ह्वाट्सएप, म्यासेन्जर, स्न्यापच्याट, डिस्कर्ड र रेडिटजस्ता प्लेटफर्ममा करोडौं प्रयोगकर्ताले आफ्ना विचार सम्प्रेषण गरिरहेका छन् र अनगिन्ती भिडियो सामग्री अपलोड गरिरहेका छन् ।

छापा माध्यममा आउने लेख, रचना र वैचारिक विमर्श अथवा रेडियो र टेलिभिजनमा प्रस्तुत हुने सामग्री सम्पादकीय संस्कारबाट गुज्रिएर परिस्कृत र परिपक्व रूपमा सार्वजनिक हुन्छन् । तर, त्यसको ठीकविपरीत सामाजिक सञ्जालमा आउने धेरैजसो अभिव्यक्ति अश्लील, अभद्र, उत्तेजक र स्तरहीन बन्दै गएका छन् । डिजिटल प्लेटफर्ममा हरेक तह, विचार, उमेर र स्तरका व्यक्तिले स्वतन्त्र रूपमा आफ्ना निजी धारणा सम्प्रेषण गर्ने छुट पाएका छन् । यसै छुटको आडमा तथ्यहीन, भ्रामक र अश्लील शब्द लेखेर, बोलेर वा भिडियोमार्फत सम्प्रेषण गर्ने होडबाजी नै चलेको छ । यस कोणबाट हेर्दा सामाजिक सञ्जाल केवल अभिव्यक्ति स्वतन्त्रताको सुसंस्कृत मञ्चमा सीमित नरहेर व्यक्तिगत गालीगलौज, मानमर्दन, व्यक्तिगत रिसइबी साध्ने र बदला लिने दूषित अखडाका रूपमा दुरुपयोग भइरहेको छ । यो अभिव्यक्ति स्वतन्त्रताका नाममा देखिएको चरम भद्रगोल अवस्था हो ।

नेपाली समाज पछिल्लो समय झन्-झन् उत्ताउलो र अनुशासनहीन बन्दै गएको स्पष्ट देखिन्छ । सामाजिक सञ्जालमा अकारण गालीगलौज गर्ने, अश्लीलता फैलाउने र सत्तोसराप गर्ने विकृत अभ्यास दिन-प्रतिदिन बढ्दो छ । कतिपय प्रयोगकर्ताले सामाजिक सञ्जाललाई सस्तो लोकप्रियता आर्जन गर्ने, लाइक, भ्युज तथा कमेन्ट बढाउने र भाइरल हुने होडबाजीका रूपमा मात्र प्रयोग गरेका छन् । कतिपयले त नक्कली परिचय (फेक आइडी) बनाएर सामाजिक सञ्जालको एल्गोरिदमलाई नै दूषित बनाइरहेका छन् । लोकप्रियताको अन्धो दौडमा तथ्यभन्दा अफवाहले, तर्कभन्दा गालीले, असहमतिभन्दा अपमानले र संवादभन्दा घृणा एवं द्वेषले प्राथमिकता पाउन थालेको छ । यसको दुष्परिणामस्वरूप व्यक्तिको प्रतिष्ठा, परिवारको मर्यादा, सामाजिक सद्भाव, भाइचारा र लोकतान्त्रिक संस्कृतिमा नै गम्भीर नकारात्मक असर पर्न थालेको छ ।

विचारको स्वतन्त्रता लोकतन्त्रले नागरिकलाई उदारतापूर्वक प्रदान गरेको अनमोल उपहार हो । तर, स्वतन्त्रताको उपभोग गर्ने नाममा अरूको आत्मसम्मान, गोपनीयता तथा मर्यादाको सामान्य ख्यालै नगरी शब्दको तिखो प्रहार गर्नु कुनै पनि दृष्टिकोणबाट उचित मान्न सकिँदैन । सामाजिक सञ्जालमा प्रस्तुत गरिने शब्द, विषयवस्तु, अक्षर र भिडियो केवल प्राविधिक सामग्री मात्र होइनन्, तिनले हाम्रो समग्र समाजको चरित्र, चेतना र स्तरलाई पनि उजागर गरिरहेका हुन्छन् । चिनियाँ दार्शनिक लाओत्सुले भनेका थिए- आफ्ना विचारप्रति सचेत बन, ती शब्द बन्छन् आफ्ना शब्दहरूप्रति सचेत बन, ती कर्म बन्छन् ।'

तर, लाओत्सुको यो कालजयी भनाइ हाम्रो समाजमा भइरहेको सामाजिक सञ्जालको प्रयोगको सन्दर्भमा भने पूर्णतः मेल खाँदैन । हाम्रा सामाजिक सञ्जालमा लाओत्सुले भनेजस्तै सचेत विचार, परिपक्व शब्द र मर्यादित कर्महरू प्रस्तुत हुन सकिरहेका छैनन् । बरु त्यसको साटो आक्रोश, अपमान, अहंकार र मपाईंत्वले डिजिटल दुनियाँ भरिएको छ ।

डिजिटल प्लेटफर्ममा लेखिएको वा बोलिएको एउटा शब्द केही सेकेन्डभित्रै हजारौं-लाखौं मानिससम्म पुग्दछ । यदि ती शब्दमा सभ्यता, शिष्टता, विवेक तथा सामाजिक मर्यादा छैन भने त्यसले समाजलाई नैतिक पतनको दिशातिर उन्मुख गराउँछ र अराजकता फैलाउँछ । सामाजिक सञ्जालमा पोस्ट गरिने विषयवस्तु र प्रयोग गरिने भाषाले व्यक्तिको निजी चरित्रका साथै समग्र सामाजिक संस्कारको चित्रण गरिरहेको हुन्छ । त्यसैले यो डिजिटल प्लेटफर्मलाई विवेकहीन ढंगले दुरुपयोग गरिनुहुन्न ।

सूचना र सञ्चार प्रविधिको अभूतपूर्व विकासले आज सिंगो संसारलाई एउटा सानो गाउँ (ग्लोबल भिलेज)मा रूपान्तरण गरिदिएको छ । भूगोलको कुनै पनि कुनामा बसेर सामाजिक सञ्जालका माध्यमबाट सरकार, राजनीतिक दल, विशिष्ट व्यक्ति वा सर्वसाधारण जोकसैलाई पनि प्रेम, प्रशंसा, आलोचना, गाली, घृणा, चरित्रहत्या, अफवाह वा गालीबेइज्जती गर्न सकिने स्थिति बनेको छ । अहिले नेपाली समाजमा देशभित्र र बाहिर रहेका कतिपय मानिसमा अभिव्यक्ति स्वतन्त्रताको आवरणमा नैतिकता, दायित्व र सामाजिक उत्तरदायित्वलाई भुल्ने प्रवृत्ति ह्वात्तै बढेको छ । मूलतः मानिसहरूलाई आपसमा जोड्न र सम्बन्ध प्रगाढ बनाउन बनेको सामाजिक सञ्जाललाई समाज तोड्ने, विभाजन गर्ने र भिडन्त गराउने माध्यम बनाइनुहुँदैन । यसको दुरुपयोग होइन, रचनात्मक सदुपयोग हुनुपर्छ ।

अहिले नेपाली समाजका हरेक उमेर समूहका नागरिक सामाजिक सञ्जालमा सक्रिय छन् । बालबालिका तथा विद्यार्थीदेखि शिक्षक-प्राध्यापकसम्म, निरक्षरदेखि प्रख्यात विद्वान्सम्म, राजनीतिक नेतादेखि सर्वसाधारण कार्यकर्तासम्म र किसान-मजदुरदेखि शासक-प्रशासकसम्म हरेक क्षेत्र र वर्गका मानिस यसका प्रयोगकर्ता हुन् । अवश्य पनि सबैले यसको दुरुपयोग नै गरिरहेका छन् भन्न खोजिएको होइन । सामाजिक सञ्जालका अनेकौं सकारात्मक र उपयोगी पक्ष पनि छन् । यसको सही र विवेकपूर्ण सदुपयोगले शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि, कला, साहित्य, संगीत, सूचना तथा ज्ञान आर्जनको क्षेत्रमा ठुलो क्रान्ति ल्याएको छ र यो वरदान साबित भएको छ । तर, विडम्बना नै भन्नुपर्छ, यसको सदुपयोगको तुलनामा दुरुपयोगको पल्ला भारी हुँदै गएको छ, जसका कारण मानवीय व्यवहारमा गम्भीर नकारात्मक प्रभाव परिरहेको छ ।

समाजबाट डिजिटल नैतिकता, नागरिक चेतना, सामाजिक दायित्व र आत्मसंयम क्रमशः हराउँदै गएको भान हुन्छ ।

समाजको हरेक तप्कामा प्रत्यक्ष र दूरगामी प्रभाव पार्न सक्ने सामाजिक सञ्जाललाई दुरुपयोग गर्दै घृणा फैलाउने, साइबर दुर्व्यवहार गर्ने, असहमतिलाई वैचारिक भिन्नताका रूपमा नलगी सिधा शत्रुताका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई अविलम्ब अन्त्य गर्न आवश्यक छ । आफूले समाजबाट सम्मान पाउनका लागि पहिले अरूलाई सम्मान गर्न सिक्नुपर्छ । भगवान् गौतम बुद्धले भन्नुभएको थियो, 'घृणाले घृणाको अन्त्य कहिल्यै हुँदैन, घृणाको अन्त्य त केवल प्रेमले मात्र गर्न सकिन्छ ।' तर, बुद्धको यो महान् उपदेश वर्तमान नेपाली समाजले प्रयोग गरिरहेको डिजिटल माध्यमको वास्तविकतासँग अलिकति पनि मेल खाँदैन । सामाजिक सञ्जालमा पोखिने घृणा, गालीगलौज र सीमाहीन नकारात्मक टिप्पणीको बदलामा अझ कडा, अशिष्ट र तल्लो स्तरको प्रतिक्रिया आउने गरेको छ ।

सामाजिक सञ्जालमा अपशब्दको जवाफ अझ कडा र अश्लील अपशब्दले नै फर्काउनु भनेको सभ्यताको पराकाष्ठा र नैतिक पतन हो । डिजिटल प्लेटफर्म एकले अर्कालाई अकारण कटाक्ष गर्ने, गालीबेइज्जती गर्ने, अशिष्ट भाषाको प्रयोग गर्ने र आफूलाई मात्र सर्वज्ञानी एवं अरूलाई खराब देख्ने विकृत मनोवृत्तिबाट ग्रस्त हुनु समाजका लागि कदापि शुभ संकेत हुन सक्दैन । अश्लील र हिंसात्मक भाषाको प्रयोग गरेर बदला लिने मनोविज्ञानको विकास हुनु लोकतान्त्रिक चरित्रको घोर अपमान हो । चिनियाँ दार्शनिक कन्फ्युसियसले भनेका थिए- श्रेष्ठ र आदर्श मानिस आफ्नो बोलीमा विनम्र हुन्छ, तर कर्मले महान् हुन्छ ।

सामाजिक सञ्जालमा प्रयोग हुने भाषा र प्रकट हुने आशयलाई कन्फ्युसियसको भनाइसँग तुलना गर्दा स्थिति ठीक उल्टो देखिन्छ । हाम्रा सामाजिक सञ्जालमा प्रस्तुत हुने शब्दहरूमा शालीनता, गम्भीरता र विचारको परिपक्वता बिरलै भेटिन्छ । त्यसैले अब नेपाली समाजले सामाजिक सञ्जालको प्रयोग असाध्यै सचेततापूर्वक गर्नुपर्ने समय आइसकेको छ । यसलाई स्वस्थ, सुसंस्कृत र वैचारिक अभिव्यक्तिको माध्यम बनाइनुपर्छ, अभद्रताको अखडा बनाइनुहुँदैन ।

विचारको स्वतन्त्रता लोकतन्त्रको प्राण भए तापनि त्यसको मर्यादा, सुन्दरता र जिम्मेवारीलाई आत्मसात् नगरी बोलिने गैरजिम्मेवार भाषा र विचारले व्यक्ति एवं समाजमा दूरगामी नकारात्मक असर पार्दछ । यसले सम्बन्धित व्यक्तिहरूमा ठुलो मानसिक तनाव, अशान्ति र निराशासमेत सिर्जना गर्दछ । वर्तमान समयमा डिजिटल प्लेटफर्मलाई दुरुपयोग गरी गलत धन्दा चलाउने र कमाइ खाने भाँडो बनाउनेहरूको बिगबिगी बढेको छ । गालीगलौज तथा अस्वस्थ आलोचना गर्दा समाजको ध्यान छिट्टो आकर्षित हुने भएकाले केवल भ्युज, लाइक र कमेन्ट बढाउने दुराशयले सस्ता, उत्तेजक र पेचिला सामग्री प्रस्तुत गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्छ । आफ्ना विचार प्रस्तुत गर्दा सकारात्मक, सन्देशमूलक र ज्ञान बाँड्ने माध्यमका रूपमा सामाजिक सञ्जालको उपयोग गरिनुपर्छ । यसलाई सत्य र तथ्यमा आधारित प्रामाणिक सूचनाको विश्वासिलो थलो बनाइनुपर्छ ।

हरेक नागरिकले विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई आफ्नो व्यक्तिगत विवेक, शिष्टता, सामाजिक मर्यादा तथा दायित्वसँग जोड्न सकेमा मात्र यस अधिकारको वास्तविक सदुपयोग भएको ठहरिन्छ । सामाजिक सञ्जाल त समाजको एउटा गतिशील ऐना मात्र हो । यो ऐना आफैंमा राम्रो वा नराम्रो हुँदैन, यसलाई कुन नियत र प्रयोजनका लागि कसरी प्रयोग गरिन्छ भन्ने कुराले नै यसको सार्थकता निर्धारण गर्दछ । यदि हामीले सामाजिक रूपी यो ऐनालाई नै क्षतविक्षत बनायौं भने त्यसमा देखिने समाजको अनुहार पनि उस्तै कुरुप र भयंकर देखिनेछ । यस्तो गैरजिम्मेवार कार्यले समाजको आपसी विश्वास, सद्भाव, एकता र भविष्यलाई नै घाइते बनाउँछ । त्यसैले, हरेक व्यक्तिले सामाजिक सञ्जालमा आफ्ना विचार, टिप्पणी, प्रतिक्रिया सम्प्रेषण गर्दा वा भिडियो निर्माण गर्दा यसले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रमा पार्न सक्ने अल्पकालीन तथा दीर्घकालीन प्रभावको गम्भीर लेखाजोखा र सोचविचार गरेर मात्र डिजिटल दुनियाँमा प्रवेश गर्नु बुद्धिमानी हुनेछ ।

जातीय विभेद र मानवीय समानता

समाज

● दलसिंह कुमाल

जात र पहिचानका नाममा हुने विभेद मानव चेतना र आधुनिक सभ्यताकै ठुलो कमजोरी हो । कानुन, चेतना र समान अवसरमार्फत विभेदरहित समाज निर्माण गर्नु राज्य र नागरिकको साझा दायित्व हो । जन्मले होइन, कर्म र मानवताले मानिसको सम्मान तय हुनुपर्छ ।

मानिस जन्मिँदा कुनै जात, विभाजन वा उच्च-नीचको भावना लिएर आउँदैन । उसको अनुहारमा निष्कपट मुस्कान र जीवनप्रति असीम सम्भावना हुन्छ । तर, समाजले बिस्तारै पहिचानका पर्खाल उभ्याउँदै उसलाई मानिसभन्दा पहिले जात, धर्म, वर्ग र भाषाको परिचय दिन्छ । विभेदको यात्रा यहींबाट सुरु हुन्छ ।

सभ्यताको विकाससँगै मानिस चन्द्रमासम्म पुग्यो, कृत्रिम बुद्धिमत्ता र प्रविधिको विकास गऱ्यो । तर, दुःखको कुरा, अझै पनि मानिसलाई जन्मका आधारमा सम्मान वा अपमान गर्ने सोच कायम छ । व्यक्तिको क्षमता, चरित्र र कर्मभन्दा थर, जात वा सामाजिक पृष्ठभूमिलाई ठुलो ठान्नु मानव सभ्यताकै कमजोरी हो ।

जातीय विभेद केवल सामाजिक समस्या होइन, मानव चेतनामाथिको प्रश्न हो । जब बालकले थर भन्न डराउनुपर्छ, युवाले प्रतिभाभन्दा पहिचानका लागि लड्नुपर्छ र नागरिकले समान सम्मानका लागि संघर्ष गर्नुपर्छ, तब त्यो पीडा सम्पूर्ण राष्ट्रको आत्मामाथि लागेको घाउ बन्छ । सडक, भवन र प्रविधिले मात्र समाजको प्रगति मापन हुँदैन । सभ्य समाजको निर्धारण कमजोर र सीमान्तकृत नागरिकले पाउने व्यवहारले गर्छ । जहाँ जन्मले होइन, कर्म र मानवताले मानिसको सम्मान हुन्छ, त्यही समाज विकसित हो ।

विभेदरहित समाज आधुनिक लोकतन्त्रको पहिलो सर्त हो । संविधानमा समानताको अधिकार लेखिनु मात्र पर्याप्त छैन, नागरिकले दैनिक जीवनमा त्यसको अनुभूति गर्न पाउनुपर्छ । राज्यको दायित्व कानुन बनाउनु मात्र होइन, सबै वर्गलाई न्यायको अनुभूति गराउने वातावरण बनाउनु पनि हो ।

राज्यले शिक्षा, स्वास्थ्य, रोजगारी र न्यायमा समान पहुँच सुनिश्चित गर्नुपर्छ । जात वा गरिबीकै कारण कुनै बालबालिका शिक्षाबाट र कुनै युवा अवसरबाट वञ्चित हुनुहुँदैन । समान अवसरविना समानता भाषणमा मात्र सीमित हुन्छ ।

कानुनको कठोरताले मात्र विभेद अन्त्य हुँदैन । विभेद सोचभित्रको गलत धारणाबाट जन्मिने भएकाले समाधान चेतनाको परिवर्तनबाटै हुन्छ । घर, विद्यालय, सञ्चारमाध्यम र सामाजिक संस्थाबाट मानवता, सहअस्तित्व र सम्मानको संस्कार बसाल्नुपर्छ । शिक्षाले ज्ञानसँगै संवेदना र असल नागरिक बनाउने गुण दिन सक्नुपर्छ ।

ऐतिहासिक रूपमा पछि पारिएका समुदायलाई अगाडि ल्याउन विशेष प्रयास आवश्यक हुन्छ । अवसरबाट वञ्चितलाई अवसर दिनु विभेद होइन, विगतको असमानता सुधार्ने न्यायपूर्ण प्रक्रिया हो । सबै नागरिक एउटै बिन्दुबाट यात्रा सुरु गर्दैनन् भन्ने यथार्थ स्वीकार नगरी वास्तविक समानता सम्भव छैन ।

आज पनि देशका धेरै ठाउँमा मानिस पहिचानका कारण पीडित छन् । नागरिकको आँसु राष्ट्रको सम्भावनाको क्षति हो । आफ्नै नागरिकको प्रतिभा रोक्ने समाजको भविष्य कमजोर हुन्छ । हामीले निर्माण गर्ने नेपालमा कुनै बच्चाले थरका कारण लज्जित हुनु नपरोस्, कुनै युवाले जन्मकै कारण अवसर नगुमाओस् र हरेकले आफ्नो पहिचानका साथ सम्मानपूर्वक बाँच्न पाओस् ।

जात मानिसले बनाएको पहिचान हो, तर मानवता प्रकृतिले दिएको साझा परिचय हो । जातले मानिसलाई बाँड्छ, मानवताले जोड्छ । विभेदरहित समाज निर्माण कुनै एक समुदाय वा सरकारको मात्र होइन, सम्पूर्ण नागरिकको साझा संकल्प हो । तर, यसको नेतृत्व राज्यले स्पष्ट नीति र निष्पक्ष कानुनमार्फत गर्नुपर्छ ।

राज्यको केन्द्रमा समानता, न्याय र मानव मर्यादा स्थापित भएमा मात्र लोकतन्त्र सार्थक हुन्छ । महान् राष्ट्र त्यो होइन जहाँ केही मानिस मात्र सम्मानित हुन्छन्, महान् राष्ट्र त्यो हो जहाँ प्रत्येक नागरिकले मानिस भएको गर्वका साथ बाँच्न पाउँछ ।

इतिहासको पाना

● सन्तोष खडेरी

नाकाबन्दीका बेला वीरेन्द्र-राजीव गान्धी भेट

सन् १९८९को सेप्टेम्बर अन्त्यमा बेलग्रेडमा नवौं असंलग्न शिखर सम्मेलन सुरु हुनुअगावै मार्चको तेस्रो साताका पुरानो कायम सन्धिको म्याद समाप्त भइसकेको र नयाँ सन्धि नवीकरण हुन नसकी भारतले नेपालमाथि नाकाबन्दी लादिसकेको अवस्था थियो ।

अघिल्लो वर्ष सन् १९८८को डिसेम्बर अन्त्यमा पाकिस्तानमा सम्पन्न चौथो सार्क शिखर सम्मेलनमा राजीव गान्धीले आयोजना गरेको ब्रेकफास्ट मिटिङमा राजा वीरेन्द्र उपस्थित नभएपछि वीरेन्द्र-राजीव (नेपाल-भारत) सम्बन्ध चिसिन थालेको आभास भइसकेको थियो ।

नाकाबन्दी निम्त्याउने अरू पनि केही विशेष घटना थिए जस्तो कि नेपालमा काम गर्ने भारतीयको अभिलेख राख्ने र काम गर्न स्वीकृति लिन सक्ने बुझाइको निर्णय, नेपालले चीनबाट खरिद गरेको एन्टिक्राफ्ट हतियार, राजीव गान्धीको नेपाल भ्रमणका क्रममा उनकी पत्नीलाई पशुपतिनाथ मन्दिरमा प्रवेश गर्न नदिने कदमसँगै राजीव गान्धीले श्रीलंकामा तैनाथ गरेका भारतीय सेनालाई शान्ति सेनाका रूपमा सार्कमार्फत गर्न खोजेको अनुमोदनलाई नेपालले अस्वीकार गरेका विषय ।

नेपालसँगको सम्बन्धलाई लिएर भारत त्यतिबेला सन् १९५०कै मानसिकतामा थियो र अद्यापि छ । जहाँ उसले सन्धि सम्झौताका पत्र र व्यवहारको भाषा मात्र होइन, त्यसको अभिप्रायलाई पनि उसैगरी व्याख्या गऱ्यो । यता नेपाली पक्षले त्यो स्पिरिट बुझ्नै सकेन ।

पाकिस्तानको घटनापछि सन्धि नवीकरण हुन सकेन । त्यस्तै दुवै मुलुकका उच्च राजनीतिक स्तरमा भेटवार्ता हुने र संवाद हुने वातावरणसमेत भारतको बेवास्ताका कारण हुन सकेको थिएन । सेप्टेम्बरमा युगोस्लाभियाको बेलग्रेडमा आयोजित नवौं असंलग्न शिखर सम्मेलनमा मात्र भारतीय प्रधानमन्त्री राजीव गान्धी र नेपालका राजा वीरेन्द्रको द्विपक्षीय भेटवार्ता तय भई भेटघाट भयो ।

उक्त भेटघाटले समेत नाकाबन्दीको निकास निस्किएन । भारतमा भएको निर्वाचनपश्चात् राजीव गान्धी पराजित भई सोही डिसेम्बरको सुरुवातमा भि.पी. सिंह प्रधानमन्त्रीका रूपमा आए भने यता पनि सन् १९९०मा राजाको प्रत्यक्ष शासन व्यवस्था पञ्चायतको अन्त्य भई प्रजातन्त्र पुनर्स्थापनापश्चात् बहुदलीय व्यवस्था कायम भयो ।

यो तस्बिरमा राजा वीरेन्द्र र प्रधानमन्त्री राजीव दुवै सहजै प्रस्तुत भएका त देखिन्छन्, तर उक्त भेटले निकास दिन भने सकेन ।

स्पेनकी 'फुटबल रानी' अब लन्डनमा



काठमाडौं/मस- स्पेनिस फुटबलकी प्रतिष्ठित खेलाडी र दुई पटककी ब्यालन डी'ओर विजेता एलेक्सिया पुटेलास अहिले लन्डनमा चर्चाको केन्द्रमा छिन् । बार्सिलोनाका लागि १४ वर्ष लामो शानदार करियर र स्पेनका लागि विश्वकप जितेकी पुटेलास यस सिजन 'लन्डन सिटी लायनेस'मा आबद्ध भएकी छिन्, जसलाई महिला सुपर लिगको इतिहासकै सबैभन्दा ठुलो अनुबन्ध मानिएको छ ।

क्याटालोनियाको मोलेट डेल भालेसमा जन्मिएकी ३२ वर्षीया पुटेलासले बार्सिलोनाका लागि ३८ वटा ट्रफी जितेकी छिन्, जसमा १० वटा लिग उपाधि र चारवटा च्याम्पियन्स लिग समावेश छन् । उनले सन् २०२१ र २०२२ मा लगातार दुई पटक विश्वकै उत्कृष्ट खेलाडीको रूपमा ब्यालन डी'ओर जितेकी थिइन् र यस वर्ष पनि उनी यस अवार्डका लागि मुख्य दाबेदार मानिएकी छिन् ।

च्याम्पियन्स लिग खेल्ने टोली छोडेर एक नयाँ र स्वतन्त्र क्लबमा आबद्ध हुने आफ्नो निर्णयका बारेमा बोल्दै उनले भनिन्, 'म आफ्नो सीमा कहाँ छ भनेर खोज्न चाहन्छु । म यो प्रोजेक्टका लागि १०० प्रतिशत प्रतिबद्ध छु र जित्नका लागि अझै भोको छु ।' उनको डेब्यु खेल आगामी सेप्टेम्बर ४ मा म्यानचेस्टर युनाइटेडविरुद्ध हुने तय भएको छ ।

स्पेनमा 'ला रेइना' (रानी)को उपनामले चिनिने पुटेलास अहिले लन्डनको नयाँ वातावरणमा अभ्यस्त हुने प्रयासमा छिन् । उनले अहिले अंग्रेजी भाषा सिक्ने, नयाँ घर खोज्ने र लन्डनको ट्राफिकसँग जुध्ने जस्ता सामान्य मानिसले भोग्ने समस्याहरूको सामना गरिरहेकी छिन् । भाषाका बारेमा ठट्टा गर्दै उनले भनिन्, 'म अहिले फुटबलको भाषा सिक्दै छु, सायद यो प्रेस सम्मेलन अलि चाँडो भयो ।' यद्यपि, प्रशिक्षक एडर मास्ट्रेका अनुसार मैदानमा उनको फुटबल बुझाइ यति गहिरो छ कि उनले एक 'दोस्रो प्रशिक्षक'को रूपमा टोलीलाई निर्देशित गर्न सक्छिन् । लन्डनमा आफ्नो नयाँ जीवनका बारेमा अनुभव सुनाउँदै पुटेलासले अंग्रेजी खानपानका बारेमा पनि टिप्पणी गरेकी छिन् । उनलाई अंग्रेजी ब्रेकफास्टमा प्रयोग हुने ससेज र अण्डा मन पर्‍यो, तर 'बेक्ड बिन्स' भने उनलाई अलि अनौठो लाग्यो र उनी त्यसको प्रशंसक बन्न सकिनन् ।

सन् २०२२ मा लागेको गम्भीर चोटपछि जीवन र खेललाई हेर्ने दृष्टिकोण बदलिएको बताउँदै उनले अहिले हरेक पल सिक्न र प्रतिस्पर्धा गर्न रमाउने गरेको बताइन् । 'म केवल एक व्यक्ति हुँ जो आफूले गरेको कामलाई माया गर्छ । म प्रतिस्पर्धा, फुटबल, प्रशिक्षण र सुधार गर्न चाहन्छु,' उनले थपिन् । लन्डन सिटी लायनेसमा उनको आगमनले केवल क्लबको स्तर मात्र बढाएको छैन, बरु इंग्लिस महिला फुटबलमा एक नयाँ उत्साह पनि थपेको छ ।

तेक्वान्दोमा ४ स्वर्णसहित १५ पदक

काठमाडौं/मस- चीनको नानजिङमा भएको तेक्वान्दो ग्रान्डस्लाम युथ लिग फाइनल्समा नेपाली खेलाडीले विभिन्न स्पर्धामा ४ स्वर्ण, ५ रजत र ६ कास्य गरी १५ पदक जितेका छन् ।

उनिका पौडेल, आदिश विष्ट, प्रिशा ज्ञवाली र अफेस खत्रीले स्वर्ण जितेको काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जनाएका छन् ।

लोचनी भट्टराई, सिबेन सुब्बा, साश्वत निरौला, अभिषेक दल्लाकोटी र आवश्यक विष्टले रजत हात पारे । सर्वम महतरा, सव्यम महतरा, प्रिशा ज्ञवाली, आराध्य खरेल, गौतम श्रेष्ठ र अनिश अधिकारीले कास्य प्राप्त गरे । टोली प्रशिक्षकमा पुजन खड्का रहेका छन् ।

एन्जल्स हार्ट नेसनलको विजयी सुरुवात

काठमाडौं/मस- आयोजक एन्जल्स हार्ट नेसनल स्कुलले जुनियर क्रिकेट लिग (जेसिएल)-सिजन २ मा आइतबार विजयी सुरुवात गरेको छ ।

एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपिएल) टिम काठमाडौं गोर्खाजको सहयोगमा भएको प्रतियोगिताको उद्घाटन खेलमा एन्जल्स हार्टले त्रिलोक विद्यालयलाई ४१ रनले पराजित गर्‍यो ।

मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा भइरहेको टी-१० इन्डोर क्रिकेटको अन्य खेलमा एन्जल्स हार्ट माविले पारामाउन्ट एकेडेमीलाई ४५ रन, डिएभी (रातो)ले नवोदित विद्या कुञ्जलाई ६६ रन, द सेलिब्रेसन को-एडले भ्याली पब्लिकलाई १७ रन र चेल्सी वर्ल्ड स्कुलले मानसिंह धर्मलाई ५ विकेटले हराए ।

त्यस्तै नेरिक एकेडेमीले एसिया प्यासिफिकलाई ३७, डिएभी 'नीलो'ले श्री गम्भीर समुन्द्र सेतु माविलाई ५१ र सत्य साइ शिक्षा सदनले हिमालयन ह्वाइटहाउसलाई ११ रनले पाखा लगाए । प्रतियोगिताको बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री शैलेन्द्रमान वज्राचार्यले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा एन्जल्स हार्ट फाउन्डेसनका अध्यक्ष लिलबहादुर पुन, एन्जल्स हार्ट नेसनल स्कुलका प्रिन्सिपल टकबहादुर थापा, काठमाडौं गोर्खाजका क्रिकेट निर्देशक शरद भेषावकर, एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरका अध्यक्ष खिम थापालगायतको उपस्थिति रहेको थियो ।

Diplomatic Vehicles for Sale

The Royal Embassy of Saudi Arabia in Kathmandu intends to sell a number of used Diplomatic Vehicles:
1. Mercedes S500 Model: 2014
2. Toyota Prado Model: 2012
3. Bajaj Motororcycle 125cc Model: 2015
Who would like to purchase it to come to the Embassy located in Kupondole, Lalitpur and submit its own offer. For more information please contact: 01-4720891, E-mail: kaemb@mofa.gov.sa

कुवेतमा रोजगार

कम्पनी: VIA COMPANY FOR CLOTHES AND LUXURIES — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ चलानी नं.: ६०२३८०६५ L.T. No.:324108 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Indoor)	2	2	सम्बन्धित काममा दक्ष	95	४७,०३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	SALES GIRL (FEMALE)	0	4		140	६९,३११							
3.	TAILOR (SKILLED)	1	0		150	७४,२६२							

कम्पनी: AMIGOS BURGER RESTAURANT COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/०५ चलानी नं.: ६०२४५११५ L.T. No.:331436 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब kd	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Ac Technicians	1	0	सम्बन्धित काममा दक्ष	140	६९,३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cashiers (Female)	0	3		140	६९,३११							
3.	Male Cashiers	3	0		140	६९,३११							
4.	Male Supervisors	4	0		200	९९,०१६							
5.	Waiters	2	0		130	६४,३६०							
6.	Waitress	0	5		130	६४,३६०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु.१०,०००

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901 Basant Rana : 9801026390
Govt Lic. No.: 647/063/064

युएईमा रोजगार

कम्पनी: SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८३/०४/१६ चलानी नं.: ६०२५५५२७ L.T. No.: 345901

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	200	0	स. काममा दक्ष	2000	८२,८००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885, 984-3834191,9709051745,982-7903113, 9801442878
Gov. Lic. No. 712/064/065

साउदीमा रोजगार

कम्पनी : ALAYADI ALDHAHABIYA ALHADITHA COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०४/२२ चलानी नं.: ६०२५५५२० LT. No.: 346261

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Packing and Packaging Worker	1	0	स. काममा दक्ष	4000	१६२०००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

BLUE MOON OVERSEAS NEPAL PVT. LTD.
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ०१ - ४५८८१३६| 9851023534, Email- bluemoonoverseas312@gmail.com

कुवेतमा रोजगार

कम्पनी : SAMA AL SHAM GENERAL TRADING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०४/२२ चलानी नं.: ६०२५५५१६ LT. No.: 346331

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	15	0	स. काममा दक्ष	140	६९३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel.: 01-5923344,
Email : info@dananepal.com, Web: www.dananepal.com
Govt Lic No. 1692/080/81
Contact No : 9802373747, 9802397164, 9802398611, 9802373751, 9802398610, 9802373753

युएईमा रोजगारीको अवसर

कम्पनी: Capriole Construction Co LLC — शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८३/०४/२२ चलानी नं.: ६०२५५५१३ L.T. No.: 346267

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	15	0	सम्बन्धित काममा दक्ष	1500	६२१००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	CONCRETE MASON	30	0		1500	६२१००							
3.	Building Labour	15	0		1200	४९६८०							
4.	JOINER	20	0		1500	६२१००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१-४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

बहराइनमा रोजगार

कम्पनी : TAKAMUL SERVICES CO W.L.L — शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०८३/०४/२२ चलानी नं.: ६०२५५५२२ LT. No.: 346206

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब BD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	100	0	स. काममा दक्ष	100	४०३२४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

Well Growing Recruitment (P.) Ltd.
श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635, 9741827319 (Rabi Sarki) | www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.

साइप्रसमा रोजगार

कम्पनी: ELEFTHERIA MOUSTAKA PRIVATE EMPLOYMENT AGENCY, LICENSE NO. 333 — शहर: CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ चलानी नं.: ६०२४५६८३ LT. No.: 332044 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Domestic Worker	2	13	स. काममा दक्ष	400	७०१०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

ALLIANCE HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal | Contact : 01-4578850, 4591791, 4462344,
Email:- info@alliancenepal.com, ahr@alliancenepal.com | Web: www.alliancenepal.com
Govt. Licence: 690/063/064

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०४/२५ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८३ भदौ ९ गते मंगलबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

सिमरा, बारा

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
१. **लखनलाल चौधरी** ना.प्र.नं.- ३३८२८९/५०९२/६२१ जारी मिति - २०५७/०३/१६ जि.प्र.का. बारा बाबु - टियाई भन्ने कमल चौधरी बाजे - चरित्र चौधरी स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा न. ०५ हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४	१. **लालवतीया देवी चौधरी**को नाममा मालपोत कार्यालय बारामा दर्ता कायम भएको बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ५ स्थित कि.न. ५२६ को क्षेत्रफल ०-९-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापत समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **लालवतीया देवी चौधरी** ना.प्र.नं.- १६११८ जारी मिति - २०६२/०१/१८, जि.प्र.का. बारा बाबु - मजहर चौधरी पति - टियाई भन्ने कमल चौधरी स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा न. ०५ हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०५	३. **अस्मित चौधरी** ना.प्र.नं.- ३३२०७९/३६९१४ जारी मिति - २०६९/१०/१४, जि.प्र.का. बारा बाबु - लखनलाल चौधरी बाजे - टियाई भन्ने कमल चौधरी स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५ हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४
२. **हेमन्ती देवी चौधरी** ना.प्र.नं.- ३३२०७९/३६९१३ जारी मिति - २०६९/१०/१४ जि.प्र.का. बारा बाबु - विसुन राउत थारु पति - लखनलाल चौधरी स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५ हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४	४. **बिजय चौधरी** ना.प्र.नं.- ३३२१०१/४६६९५ जारी मिति - २०७३/०५/१६, जि.प्र.का. बारा बाबु - लखनलाल चौधरी बाजे - टियाई भन्ने कमल चौधरी स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५ हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४

कलैया

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७१/०१/०३ मा प्रा.फ.नं.घ.उ.वि.४७८२/२७२/०७०/७१ कायम भई दर्ता रहेको बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू श्री गढीमाई फर्निचर उद्योग ।** **प्रोप्राइटर- आमीचन प्रसाद वढई (ठाकुर)**	१. **अर्चना देवी वढई**को नाममा मालपोत कार्यालय, कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ५७२ को क्षे.फ. ०-१-१ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **आमीचन प्रसाद वढई (ठाकुर)** ना.प्र.नं.- बारा १४९७९ जारी मिति - २०५४/१२/३०, जि.प्र.का. बारा बाबु - किशोरी ठाकुर बाजे - अन्थ ठाकुर स्थायी ठेगाना- बारा जिल्ला, दहियार गा.वि.स., वडा नं. १ हालको ठेगाना- बारा जिल्ला, महागढीमाई न.पा., वडा नं. ४	२. **अर्चना देवी वढइ** ना.प्र.नं.- ३३१०३७/९७९३ जारी मिति - २०६७/१०/१४, जि.प्र.का. बारा बाबु - राम सकल ठाकुर बाजे - किशोरी ठाकुर स्थायी ठेगाना- बारा जिल्ला, दहियार गा.वि.स., वडा नं. १ हालको ठेगाना- बारा जिल्ला, महागढीमाई न.पा., वडा नं. ४

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८३ भदौ ८ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८३ भदौ ९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८३ भदौ ९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

युएईमा रोजगार

कम्पनी: ABU DHABI BERKELEY SERVICES LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०८ चलानी नं.: ६०२३०१३० L.T. No.: 315846 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner	31	58	स. काममा दक्ष	800	३३१२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी: BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES UAE LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३५२१० L.T. No.: 315847 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner	48	0	स. काममा दक्ष	800	३३१२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ भदौ १ गते (17 August 2026) मा हुनेछ ।

DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132, 9705158177 (Lal Jung Tamang)
Govt.Lic.No. 1102/073/074

अन्तर्राष्ट्रिय हवाई कनेक्टिभिटी सीमित संकटमा ट्राभल कम्पनी

मध्यान्ह संवाददाता
काठमाडौं, २४ साउन

सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर नेपाल (सोट्टो)ले नेपालको अन्तर्राष्ट्रिय हवाई कम्पनीको मारमा ट्राभल एन्ड टुर कम्पनी परेको बताएका छन् । आइतबार सोट्टो गरेको अन्तक्रिया कार्यक्रममा नेपाल उडान भर्ने एयरलाइन्सको एकाधिकार बढेको र हवाई भाडा अत्यधिक महँगो भइरहेको बताएका हुन् । यस्तै, अन्तर्राष्ट्रिय एयरलाइन्स कम्पनीले टिकट बिक्री गरिदिएबापत ट्राभल एजेन्सीलाई दिँदै आएको कमिसनसमेत घटाउँदा ट्राभल कम्पनीको संकटमा पर्न थालेको व्यवसायीहरूले बताएका छन् । सोट्टो नेपालका उपाध्यक्ष दिनेश बस्नेतले हवाई टिकट सेवामात्रै भएको र यसले व्यवसाय धान्न नसक्ने अवस्था आएको बताए । एयरलाइन्सको सिन्डिकेट र कार्टेलिङविरुद्ध राज्यले हस्तक्षेप गर्नुपर्ने बताए ।

यस्तै, सोट्टो नेपालका अध्यक्ष मानबहादुर शाहीले साना र मझौला

ट्राभल व्यवसायी कमिसनको कटौतीले सबैभन्दा धेरै मारमा परिरहेको बताए । धरौटी वृद्धि र वर्गीकरणका नाममा समेत ट्राभल एजेन्सी मारमा परिरहेको उनको भनाइ थियो । नेपालको अन्तर्राष्ट्रिय हवाई कनेक्टिभिटी सीमित हुँदा विदेशी वायुसेवा कम्पनीको निर्भरता बढेको र हवाई भाडा महँगो भएको भन्दै सोट्टो-नेपालले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई थप जहाज व्यवस्थापन, कम्पनी मोडलमा रूपान्तरण तथा अन्तर्राष्ट्रिय उडान विस्तार गर्नुपर्ने अध्यक्ष शाहीले बताए ।

यस्तै, अध्यक्ष शाहीले पर्यटन व्यवसायीको हकहित संरक्षण, पर्यटन प्रवर्धन, अस्वस्थ प्रतिस्पर्धाको अन्त्य तथा व्यवसायमैत्री वातावरण निर्माणमा सोट्टोले काम गरिरहेको बताए । उनले सोट्टो-नेपालले स्थापनाकालदेखि नै पर्यटन व्यवसायीका पेसागत समस्या समाधान, व्यवसाय प्रवर्धन तथा नीतिगत पैरवीका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय र संवाद गर्दै आएको जनाएको छ ।

अन्तर्राष्ट्रिय पर्यटन प्रवर्धनतर्फ सिंगापुर, मलेसिया, रुस, फिनल्यान्ड, थाइल्यान्ड, भियतनाम, कम्बोडिया तथा भारतका विभिन्न राज्यमा पर्यटन प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको सोट्टो-नेपालले जनाएको छ । नेपालको पर्यटन सम्भावनालाई अन्तर राष्ट्रिय बजारमा पुऱ्याउने, विदेशी पर्यटक आकर्षित गर्ने तथा पर्यटन आय वृद्धि गर्ने काममा काम गरिहरेको उनले बताए । सोट्टोले आन्तरिक पर्यटन प्रवर्द्धनमा रारा, खप्तड, रेसुंगा, गुल्मीको ऋषिकेश मन्दिर, अर्घाखाँचीको सुपादेउराली तथा प्युठानको स्वर्गद्वारीलगायत गन्तव्यमा प्रवर्धनात्मक गतिविधि गर्दै आएको जनाएको छ । आगामी दिनमा स्थानीय, प्रदेश तथा संघीय सरकारसँगको सहकार्यलाई थप बलियो बनाउँदै नयाँ पर्यटकीय गन्तव्यको विकास, होमस्टे प्रवर्धन तथा धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको विस्तारमा सक्रिय हुने प्रतिबद्धता संस्थाले जनाएको छ । सोट्टोमा १७० ट्राभल एन्ड टुर अपरेटर्स व्यवसायी आबद्ध छन् ।

शून्य लागतले बढाउँदै श्रमिकको आत्मविश्वास

काठमाडौं/मस– वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकले भर्ना तथा छनोट प्रक्रियामा रकम बुझाउनुपर्दैन भन्ने जानकारी राख्न थालेका छन् । यो अन्तर्राष्ट्रिय अभ्यास हो ।

सोमबार मलेसियाको प्रिमियम साउन्ड सोलुसन्स एसडिएन बिएचडीका लागि उड्न लागेका १५ जना पुरुष श्रमिकले सञ्चारका विभिन्न माध्यमबाट निःशुल्क रूपमा वैदेशिक रोजगारीमा जान पाइन्छ भन्ने सुनेको विषय फ्युजन इन्टरनेसनल प्रा.लि.बाट यथार्थमा परिणत भएको बताए ।

रोजगारीका लागि मलेसिया जाँदा म्यानपावर कम्पनीले ठुलो रकम खर्च गरेको सुनेका रामभगत साह श्रम स्वीकृतिको प्रक्रियामा रोजगारदाताले म्यानपावर कम्पनीमार्फत आफ्नो बैंक खातामा १५ हजारभन्दा बढी रकम पठाएपछि खुसी देखिन्थे । उक्त रकम मेडिकल गर्दा लागेको ९ हजार ८९०, अन्तरवार्ताका लागि काठमाडौं आउँदा-जाँदा र काठमाडौंमा बस्दाको ४ हजार ४१४ तथा अभिमुखीकरण तालिमलगायतमा कामदारले गरेको खर्चअन्तर्गत कम्पनीले फिर्ता गरेको रकम हो ।

उनीसहित १५ पुरुष कामदार सोमबार स्पिकर बनाउने मलेसियाको प्रिमियम साउन्ड सोलुसन्स एसडिएन बिएचडीका

लागि उड्नेछन् । उनीहरू सोही कम्पनीमा दुई वर्ष काम गरेका अनुभवी कामदार हुन् ।

कार्यक्रममा नेपालमा श्रमिक भर्ना प्रक्रियाको सम्पूर्ण लागत रोजगारदाताले व्यहोर्ने 'इम्प्लोइमेन्ट पे मोडल' अर्थात् नैतिक भर्ना प्रणालीको अनुगमन गरिरहेको पौरखी नेपालअन्तर्गत इन्स्योर परियोजनाका सुदास खत्रीले नेपालमा शून्य लागतमा वैदेशिक रोजगारीमा जान पाइन्छ भन्ने सन्देश व्यवस्थित रूपमा फैलिएको बताए । उनले मलेसियाका ग्लोब्स कम्पनीमा निःशुल्क रूपमा जानुपर्ने भए पनि भर्ना प्रक्रियामा रकम बुझाएका धेरै श्रमिकको उजुरी वैदेशिक रोजगार विभागमा पठाएको र नेपाली म्यानपावर कम्पनीहरूको अनुगमन गरिरहेको बताए ।

प्रिमियम साउन्ड सोलुसन्समा जाने श्रमिकसँगै उनीहरूका अभिभावक पनि विदाइ कार्यक्रममा सहभागी थिए । परिवारका सदस्य शून्य लागतमा मलेसिया जान पाउँदा उनीहरू पनि खुसी थिए ।

फ्युजन इन्टरनेसनल कन्सल्टेन्ट प्रा.लि.का सञ्चालक कुमुद खनालले शून्य लागतमा जाने कामदार छनोट प्रक्रियामा धेरै सावधानी अपनाउनुपर्ने देखिएको, तर काममा सन्तुष्टिको स्तर रकम लिएर पठाउनुभन्दा उच्च रहेको अनुभव पनि सुनाए ।

मलेसियाको प्रिमियम साउन्ड सोलुसन्स एसडिएन बिएचडीले फ्युजन इन्टरनेसनल प्रा.लि.मा दिएको १५ जना पुरुष कामदारको माग देखाएर ठगहरूको गिरोहले २ लाख ५० हजारसम्म उठाउन खोजेपछि फ्युजन इन्टरनेसनलले आफैं 'स्टिङ अपरेसन' चलाउनुपरेको सञ्चालक खनालले बताए ।

अदुवाबाट आम्दानी भएपछि खेती विस्तार गर्दै किसान

इलाम/मस– माडसेबुङ गाउँपालिका-२ का किसान देशराज लिम्बूले गत वर्ष अदुवा बेचेर तीन लाख १५ हजार रुपैयाँ हात पारे । अदुवाको मुख्य उत्पादन (बच्चा) प्रतिमन (४० केजी) चार हजार ५०० रुपैयाँका दरले बिक्री गरेका हुन् । 'गत वर्ष अदुवाको मूल्य थियो, उत्पादन पनि मनग्य भएकाले आम्दानी पनि प्रशस्त भयो,' उनले भने । पाँच रोपनीमा अदुवाखेती गरी ९० मन उत्पादन गरेका उनले २० मन बीउ राखेर बाँकी बेचे । उनले १२० मन उत्पादन हुने अपेक्षाका साथ यस वर्ष २० मन बीउ रोपेका छन् । उनले भने, 'पोहोरकै जस्तो मूल्य आयो भने यस वर्ष पाँच लाख बढी आम्दानी गर्नेछु ।'

माडसेबुङ-२का अर्का किसान राजकुमार राईले गत वर्ष अदुवा बेचेर दुई लाख बढी आम्दानी

गरे । पचास मन अदुवा चार हजार रुपैयाँका दरले बेचेका उनले यस वर्ष २० मन रोपेका छन् । यस वर्ष आम्दानी बढाउने उनको लक्ष्य छ । 'परिवारको घरखर्च र छोराछोरीको पढाइ खर्च अदुवाको आम्दानीले नै धान्ने गरेको छ,' उनले भने, 'यस वर्षदेखि खेती बढाएकाले आउँदो वर्षदेखि केही रकम बचत हुनसक्छ ।' माडसेबुङ-३ का किसान तेजु राईले यस वर्ष ६० मन अदुवा रोपेका छन् । १० रोपनीमा व्यावसायिक खेती थालेका उनले यसअघि १० मन बीउ माटोमा उपयोग गरेका थिए ।

जिल्लाका किसान अदुवाप्रति आकर्षित भएकाले आफू पनि व्यावसायिक खेतीतर्फ अग्रसर भएको उनी बताउँछन् । आकर्षक आम्दानीका कारण धान र अन्य खेती छाडेर किसान अदुवा खेतीमा लागेका उनको कथन छ । उत्पादनका बेला प्रतिमन चार हजार ५०० रुपैयाँसम्म पुगेको अदुवाको भाउ अहिले माउ प्रतिमन सात हजार रुपैयाँसम्म पुगेको छ । बच्चा र माउको मनासिब मूल्य पाएपछि किसानहरू अदुवा खेतीतर्फ आकर्षित भएका कृषि ज्ञान केन्द्रले जनाएको छ ।

माउ अदुवा झरापाको धुलाबारीमा अहिले प्रतिमन सात हजार रुपैयाँसम्म बिक्री हुने गरेको छ भने इलाममा छ हजारमा किनबेच भइरहेको स्थानीय व्यापारी राम जवेगूले बताए । उनले भने, 'बच्चाबाट छुट्टै र माउबाट छुट्टै आम्दानी हुने भएकाले किसानलाई दोहोरो फाइदा छ ।' किसानले ठुलो, मझौला र साना गरी तीन किसिमका अदुवाखेती गर्दै आएका छन् । भदौसम्म माउ अदुवाको बिक्री हुने अदुवाको मुख्य उत्पादन कात्तिकदेखि जेठसम्म हुन्छ ।

जिल्लाको मुख्य व्यापारिक केन्द्र इलाम बजारका साथै बिल्याँटे, मंगलबारे, गजुरमुखी, चतुरे, माडसेबुङ, पशुपतिनगर, दानबारी, हर्कटेलगायत बजारमा यहाँको अदुवा खपत हुने गरेको छ । केन्द्रका अनुसार इलाममा तीन हजार २२१ हेक्टर क्षेत्रमा व्यावसायिक अदुवाखेती हुँदै आएको छ । गत वर्ष यहाँ ५० हजार ६२० मेट्रिक टन अदुवा उत्पादन भएको थियो ।

इसेवाले गऱ्यो 'श्रावण र शृंगार' कार्यक्रम

काठमाडौं/मस– इसेवाले ललितपुरको पुल्चोकस्थित लबिम मलमा 'श्रावण र शृंगार' कार्यक्रम गरेको छ । उक्त कार्यक्रम नेपाली महिलाको निम्ति विशेष मानिने श्रावणको महिनाको अवसरमा श्रावण २३ र २४ गते सञ्चालन गरिएको हो ।

शनिबार र आइतबार बिदाको दिन आयोजित कार्यक्रमले इसेवा प्रयोगकर्ता, सामाजिक सञ्जालमार्फत उपस्थित सहभागीसहित विभिन्न क्षेत्र तथा पृष्ठभूमिका महिलाहरूको सहभागिता थियो । कार्यक्रमले सहभागीलाई साउन महिना र

तीजको सांस्कृतिक उत्साहसँगै एकै ठाउँमा मनाउने र अनुभव गर्ने अवसर दिएको कम्पनीले उल्लेख गरेको छ । साउन महिना र तीजको परम्पराबाट प्रेरित भई आयोजना गरिएको कार्यक्रममा सहभागीका लागि ब्युटिसियनमार्फत मेहेन्दी लगाउने, पोलारोइड फोटो बुथमा स्मरणीय क्षणका फोटो खिच्दै ठाउँको ठाउँ धुलाउने र विभिन्न खेल खेल्दै आकर्षक पुरस्कार जित्नेजस्ता उत्साहजनक क्रियाकलाप तथा अनुभव उपलब्ध रहेको थियो । यसले सबै उमेर समूहका सहभागीका लागि एक जीवन्त र रमाइलो उत्सवको अनुभव प्रदान गरेको कम्पनीले जनाएको छ ।

चाडपर्वलाई लक्षित गर्दै वायुसेवा निगमले जापानमा उडान थप गर्ने

बकाठमाडौं/मस– यात्रुको उच्च माग तथा नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गर्दै नेपाल वायुसेवा निगमले जापानका लागि उडान सेवा थप गर्ने भएको छ । आगामी असोज २ देखि जापानसम्मको नियमित उडान हप्ताको चारपटक सञ्चालन गर्नेगरी नयाँ उडान तालिका तयार गरेको निगमले जनाएको छ । नयाँ तालिकाअनुसार काठमाडौं-नारिता-काठमाडौं उडान मंगलबार, बिहीबार, शुक्रबार र आइतबार सञ्चालन हुनेछन् । हाल सो उडान हप्तामा तीनवटा सञ्चालन हुँदै आएको छ । साथै, निगमको एयरबस (ए३३०-२००) वाइडबडी अन्तपूर्ण विमान (९एन-एएलवाई) समयानुसार नियमित गर्नुपर्ने चौथो सी-चेक सम्पन्न गरी स्वदेश फर्किएको छ । सी-चेक विमानको निर्धारित अवधिमा गरिने महत्वपूर्ण र विस्तृत प्राविधिक मर्मत प्रक्रिया हो । काठमाडौं-दुबईको नियमित उडानमा गत असार २३ गते इटालीमा गएको सो विमान सी-चेक पूरा गरी गत साउन २१ गते काठमाडौं फर्केको हो । उक्त जहाज नियमित उडानमा आइसकेको निगमले जानकारी दियो । त्यसैगरी आगामी सेप्टेम्बरदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हुने फ्लाई दुबईको नियमित उडानका लागि निगमले पुऱ्याउने स्थलगत सेवाको तयारी पनि पूरा भएको निगमले जनाएको छ ।

स्वर्णजयन्ती मनाउँदै नाडा

भाद्र ९ देखि १८औं 'नाडा अटो सो', २०० स्टल रहने

काठमाडौं/मस– स्वर्णजयन्तीको पूर्वसन्ध्यामा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले नेपाली अटोमोबाइल क्षेत्रको सबैभन्दा ठुलो र प्रतीक्षित मेला 'एच.पी. प्रेजेन्ट्स् नाडा अटो सो २०२६'को १८औं संस्करण आयोजना गर्ने भएको छ ।

भाद्र ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी परिसरमा हुन गइरहेको अटो सो सम्पूर्ण अटो, आयल एवं पार्टपुर्जा व्यवसायीका लागि विशेष आकर्षण र व्यावसायिक प्रवर्धनको प्रभावकारी प्लेटफर्म बन्ने आयोजक नाडाले विश्वास लिएको छ ।

यस वर्षको नाडा अटो सोमा साना र ठुला गरी २ सय वटा स्टल रहनेछन् । प्रदर्शनीमा २२ वटा ब्रान्डका पेसेन्जर कार भेहिकल, १६ वटा ब्रान्डका लाइट कमर्सियल भेहिकल र १२ वटा ब्रान्डका दुईपांग्रे

सवारीसाधनको सहभागिता रहनेछ । यसका साथै ८ वटा नेपाली उत्पादकसहित ६९ वटा कम्पोनेन्ट तथा अन्य सरोकारवाला व्यवसायीले आफ्ना उत्पादन तथा सेवा प्रस्तुत गर्नेछन् ।

देशभरका अटो व्यवसायीमाझ मेलालाई लिएर उत्साहजनक माहोल बनेकाले हालसम्म पनि स्टलका लागि अत्यधिक माग भइरहेको छ । तर, प्रदर्शनीस्थलमा उचित ठाउँको अभावका कारण इच्छुक सबै व्यवसायीलाई स्टल उपलब्ध गराउन अप्ठ्यारो परिरहेको आयोजकले जनाएको छ । स्वदेशी उत्पादनका साथै अन्तर्राष्ट्रिय ब्रान्डहरूको सहभागिता रहने यो अटो सोले सुस्ताएको अटो बजारलाई पुनः चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

सीताराम दूधका उत्पादन अब अनलाइनबाट पनि किन्न पाइने

काठमाडौं/मस– सीताराम गोकुल मिल्क्सले उपभोक्ताकालाई थप सहज र आधुनिक सेवा प्रदान गर्ने उद्देश्यले नयाँ आधिकारिक वेबसाइट सीताराम दूध डटकम सञ्चालनमा ल्याएको छ । यसका साथै कम्पनीले आगामी एक साताभित्रै एन्ड्रोइड तथा आइओएस दुवै प्लेटफर्ममा उपलब्ध हुनेगरी आफ्नै मोबाइल एप पनि सार्वजनिक गर्ने घोषणा गरेको छ ।

कम्पनीको सानेपास्थित केन्द्रीय कार्यालयमा आयोजित एक विशेष कार्यक्रमका बीच कम्पनीका प्रबन्ध निर्देशक सुमित केडियाको अध्यक्षतामा उक्त डिजिटल प्लेटफर्मको आधिकारिक शुभारम्भ गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'सार्वजनिक गरिएको नयाँ वेबसाइट र छिट्टै आउने मोबाइल एपले हाम्रा उपभोक्ताकालाई घरमै बसी-बसी शुद्ध दूध, घिउ, दही, पनिर, लस्सी, बटर तथा आइसक्रिमजस्ता उत्पादनको जानकारी लिन र अनलाइन अर्डर गर्न मद्दत पुऱ्याउनेछ ।'

प्लेटफर्ममा ग्राहकले सब्स्क्रिप्सन मोडलमार्फत पनि

सामग्रीहरू खरिद गर्न मिल्ने बनाइएको छ । आधुनिक प्रविधिलाई ध्यानमा राख्दै निर्माण गरिएको यस प्लेटफर्ममा ई-सेवा, खल्तीजस्ता डिजिटल वालेटमार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरेको कम्पनीले जनाएको छ । कम्पनीले आफ्ना गुणस्तरीय उत्पादनलाई छिटो र प्रभावकारी ढंगले उपभोक्ताको घरदैलोसम्म पुऱ्याउने डिजिटल डेलिभरी प्रणालीलाई प्राथमिकतामा राखेको छ, जसले ग्राहकलाई अझ सहज र उत्कृष्ट सेवाको अनुभव प्रदान गर्नेछ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएको छ ?
यदि छ भने हामीलाई सम्झनुहोस्
हाम्रा सेवा तथा सुविधाहरु
- कम्प्युटर, प्रिन्टर, ल्याप्टप, फोटोकपी आदि खरिद बिक्री तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्री तथा मर्मत
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु
- कम्प्युटर, प्रिन्टर फोटोकपी आदिको वार्षिक सर्भिस

नुम्स कम्प्युटर्स प्रा. लि.
सम्पर्क नं. ९८४१५६५७२४, ९८४१३०६५३०

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल